# परिच्छेद : एक

## परिचय

### १.१. पृष्ठभूमि

शिक्षा मानव अधिकार हो । परिवर्तनको लागि यसमा असिम शक्ति  हुन्छ । यसैको आधारसिलामा स्वतन्त्रता, प्रजातन्त्र र दिगो मानव विकास अडिएको हुन्छ । तसर्थ आज समाजमा रहेका सम्पूर्ण बालबालिकाहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याउन विशेष शिक्षाको अवधारणालाई सबै समाज तथा मुलुकहरुले अङ्गिकार गरिरहेका छन् । नेपालको सन्दर्भमा विशेष शिक्षा नौलो अवधारणा हो (काफ्ले, २०६१) । यस अवधारणा अनुसार नियमितरुपमा सञ्चालन भैरहेका विद्यालयहरुमा विनाभेदभाव सबै बालबालिकाहरुले आफ्नो पायक पर्ने विद्यालयहरुमा उपयुक्त वातावरण सिर्जना गरी शिक्षाको अवसर एवं गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यक्रम हो । यस कार्यक्रममा अपाङ्ग बालबालिकाहरुलाई मात्र नसमेटेर भौगोलिक तथा सांस्कृतिकरुपले पिछडिएका समाजका बालबालिका, मनोवैज्ञानिक असर परेका बालबालिका, बाल श्रमिक, सडक बालबालिका तथा सिकाइमा कठिनाई भएका बालबालिकाहरुलाई समेत समेटेर शिक्षा दिने विद्यालयको अवधारणा रहेको हुन्छ ।

सर्वप्रथम विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि सन् १९९४ मा स्पेनको सालामाङकामा भएको विश्व सम्मेलनबाट पारित घोषणाले सबैका लागि शिक्षाको बृहत लक्ष्य प्राप्त गर्न विशेष शिक्षा (Inclusive Education) लाई एउटा महत्वपूर्ण रणनीतिको रुपमा अगाडि ल्यायो (काफ्ले, २०६१) । यसरी विशेष शिक्षा पद्दतीले अपाङ्गता भएका बालबालिकाहरुलाई मात्र होइन समाजमा रहेका हरेक आवश्यकताहरु भएका बालबालिकाहरुलाई समेत शिक्षाको अवसर उपलब्ध गराउने मान्यता राख्दछ । तसर्थ वर्तमान समयमा सञ्चालनमा रहेका सबैजसो कार्यक्रमहरुले विशेष शिक्षालाई समग्र कार्यक्रम सञ्चालन गर्ने पद्दतीको रुपमा व्याख्या गरेका छन् । यसै सन्दर्भमा

नेपाल सरकार, शिक्षा तथा खेलकूद मन्त्रालयले शिक्षा विभाग अन्तर्गत विशेष शिक्षालाई सबै बालबालिकाहरुका लागि विभेदरहित वातावरणमा बहुसांस्कृतिक भिन्नतालाई सम्मान गर्ने र आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्दतीको विकास प्रक्रियाको रुपमा परिभाषित गरेको पाइन्छ *( शिक्षा विभाग, २०६१)*।

वास्तवमा समाजमा रहेका हरेक बालबालिकाहरु शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक तथा आर्थिक दृष्टिकोणले एकअर्कामा फरक हुन्छन् । यसरी नेपालमा यी सबै किसिमका बालबालिकाहरुलाई, शिक्षाको मूलप्रवाहमा समाविष्ट गरी सन् २०१५ सम्म सबैका लागि शिक्षाको विश्वव्यापी एवं राष्ट्रिय लक्ष्य पुरा गर्न नेपाल सरकार, शिक्षा तथा खेलकूद मन्त्रालय र मातहतका निकायहरुमा विभिन्न किसिमका कार्यक्रम सञ्चालन भैरहेका छन् । सञ्चालित कार्यक्रमहरु मध्ये अपाङ्ग बालबालिकाहरुका लागि उनीहरुलाई अनुकुल हुने गरी विकास गरिएको पद्दती विशेष शिक्षालाई उच्च प्राथमिकताका साथ सञ्चालन गरिएको छ । विशेष आवश्यकता भएका अपाङ्ग बालबालिकाहरुका लागि संस्थागत रुपमा शिक्षा दिने कार्य वि.सं. २०२१ सालमा काठमाडौं कीर्तिपुर स्थित लेबोरेटरी मा.वि.मा दृष्टिविहीनलाई शिक्षा दिने कार्यक्रमबाट शुरुवात भएको पाइन्छ । त्यसपछि क्रमशः वि.सं. २०२३ सालमा बहिरा तथा सुस्त श्रवण भएका बालबालिकाहरुका लागि वि.सं. २०२६ सालमा शारीरिकरुपमा अशक्त बालबालिकाहरुका लागि र वि.सं. २०३७ सालमा वौद्धिक अपाङ्गता भएका सुस्त मनस्थितिका बालबालिकाहरुका लागि विद्यालय सञ्चालन गरी चार किसिमका अपाङ्ग बालबालिकाहरुका लागि शिक्षा दिने कार्यको शुरुवात भयो *( शिक्षा विभाग, २०६१)*।

अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षाको व्यवस्था गर्न राष्ट्रिय शिक्षा पद्दतीको योजना २०२८ को सिफारिसको आधारमा वि.सं. २०३० सालमा विशेष शिक्षा परिषद गठन गरिएको थियो । यसको चार वर्षपछि परिषदले गर्ने कार्यक्रम

सामाजिक सेवा समन्वय परिषदको गठनपछि उसैले गर्न थाल्यो । पछि यी जिम्मेवारी पुनः विशेष शिक्षा परिषदमै फर्कियो । विशेष शिक्षा नीति २०५३ जारी गरिनुलाई यस क्षेत्रको महत्वपूर्ण उपलब्धीको रुपमा लिइन्छ । आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको प्रथम चरणमा यस क्षेत्रलाई उच्च प्राथमिकता दिई विशेष शिक्षा एकाईको गठन गरिएकोमा सोही कार्यको निरन्तरता स्वरुप वि.सं. २०५६ सालमा गठन गरिएको शिक्षा विभागको संगठनात्मक संरचनामा विशेष शिक्षा शाखाको व्यवस्था गरियो । अपाङ्ग बालबालिकाहरुका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्ने पद्दतिमा एकिकृत शिक्षा तथा विशेष शिक्षालाई प्रमुख आधारको रुपमा लिएको विशेष शिक्षा शाखालाई थप जिम्मेवारी प्रदान गरी वि.सं. २०६१ सालमा विशेष शिक्षा शाखाका रुपमा नामाकरण गरियो । यसैक्रममा अपाङ्ग बालबालिकाहरुको अनुकूल हुने गरी शिक्षण सिकाई गर्न र अपाङ्ग बालबालिकाहरुलाई अन्य साधारण कक्षामा एकिकृत गर्ने कार्यको पूर्व तयारीका लागि आर्थिक वर्ष २०६२/०६३ सम्म शिक्षा विभागद्वारा ७१ वटा जिल्लामा ३३० वटा स्रोत कक्षाहरु विशेष शिक्षाको पद्दतीको आधारमा सञ्चालन गरी १२०० अपाङ्ग बालबालिकाहरुको लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रम पनि पुरा भएको छ *(शिक्षा विभाग, २०६१)* । यसैगरी अपाङ्ग बालबालिकाहरुको अनुकूल हुने गरी शिक्षण सिकाई गर्न र अपाङ्ग बालबालिकाहरुलाई अन्य साधारण कक्षामा एकिकृत गर्ने कार्यको तयारीका लागि आर्थिक वर्ष २०६३/०६४ सम्म शिक्षा विभागद्वारा ७५ वटा जिल्लामा ३४० वटा स्रोत कक्षाहरु विशेष शिक्षाको पद्दतीको आधारमा सञ्चालन गरी १२२५ अपाङ्ग बालबालिकाहरुको लागि छात्रवृत्ति वितरण गर्ने कार्यक्रम पनि पुरा भएको छ *(शिक्षा विभाग, २०६५)* ।

शिक्षाको अवसरबाट बञ्चित रहेका गरिब, पिछडिएका दलित, बालश्रमिक, सडक बालबालिका, अपाङ्ग, भाषिक कठिनाई भएका, भौगोलिक, सामाजिक तथा सांस्कृतिकरुपले पिछडिएका बालबालिकाहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याई उनीहरुको आवश्यकता, रुची, चाहना र क्षमता अनुकूल सिकाई उपलब्धी हाँसिल गर्न

सघाउने वातावरणको विकास गर्ने शिक्षा नै विशेष शिक्षा हो *( नेपालमा विशेष शिक्षा, २०६१:४८)*।

विशेष शिक्षा भन्नाले सबै बालबालिकाहरुको लागि विभेदरहित वातावरणमा समुदायमा शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने शैक्षिक पद्दतीको विकास प्रक्रिया भन्ने बुझिन्छ । यसले विद्यालयमा समुदायको स्वामित्वलाई महत्व दिदैं बालबालिकाको आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोग पाएमा सबैले सिक्न सक्दछन् भन्ने मान्यतामा विश्वास गर्दछ (Towards Inclusive Education or a School for All in Nepal, 2002)। यसरी विशेष शिक्षा पद्दतीले विद्यालयमा रहेर पनि आफ्ना आवश्यकता अनुकूल उपयुक्त वातावरण र सहयोगको अभावमा विद्यालय छाड्ने खतरामा पुगेका बालबालिकाको पहिचान गर्नुको साथै सम्पूर्ण बालबालिकाको सामाजिक, सांस्कृतिक र शैक्षिक आवश्यकतालाई पुरा गर्न बालकेन्द्रित शिक्षण सिकाई प्रक्रियाहरुको अवलम्बन गर्न प्रोत्साहित गर्दछ । यसै सन्दर्भमा (Towards Inclusive Education or a School for All in Nepal, (2002) का अनुसार हाल राष्ट्रियस्तरमा पहिचान गरिएका विशेष शिक्षाका प्रमुख लक्षित समूह निम्न छन्:

- बालबालिका/महिला
- अपाङ्ग बालबालिका
- जनजाति बालबालिका
- सडक बालबालिका
- द्वन्द्वपीडित बालबालिका
- बेचबिखन तथा यौन शोषणबाट पीडित बालबालिका
- गरिबीले समस्याग्रत बालबालिका
- कमैया तथा बधुवा मजदुर बालबालिका
- जेलमा रहेका बालबालिका
- असहाय/अनाथ बालबालिका
- रोग ग्रस्त बालबालिका जस्तै ( एच.आइ.भी./एड्स, कुष्ठरोग, क्षयरोग)
- श्रमिक बालबालिका

विशेष शिक्षाको परिभाषा तथा प्रमुख लक्षित समूहको पहिचान अनुसार विशेष शिक्षाले अपाङ्ग मात्र नभएर शिक्षाको अवसरबाट बञ्चित रहेका तथा सिकाइमा मूलरुपमा परिस्थितिजन्य वा अन्य कारणले कठिनाई भोगिरहेका सबै खालका बालबालिकाहरुलाई समेट्दछ । यो एउटा छुट्टै कार्यक्रम नभएर भैरहेको प्रणालीमा सुधार गरी सबैको आवश्यकता पूरा गर्न सहयोग पुऱ्याउने रणनीति हो । यसले विद्यालयलाई सुधार गरी “सबैका लागि विद्यालय”मा सबै खालका केटाकेटीहरुलाई स्वागत गरी उनीहरुको आवश्यकता तथा खाँचो बमोजिमका शिक्षा र तालिम प्रदान गर्दछ (Towards Inclusive Education or a School for All in Nepal, 2002) । सिकाईको लागि कुनै पनि कारणले बहिष्कृत भएका वा विशेष हुन नसकेका बालबालिकाहरुको लागि विद्यालयले स्वागतयोग्य वातावरण तयार गरी सिकाईमा सहभागी गराउनु पर्दछ ।

## १.२.समस्याको कथन

शारीरिक तथा मानसिक दुबै दृष्टिकोणले सक्षम व्यक्ति पनि शिक्षाको अभावमा आफूलाई सफल नागरिकको रुपमा स्थापित गर्न सक्दैन । यस्तो स्थितिमा समाजमा रहेका अपाङ्ग बालबालिकाहरुलाई सहजढंगले जीवनयापन गर्न सक्ने बनाउन झन् विशेष शैक्षिक प्रावधानको जरुरी हुन्छ । समाजमा रहेका हरेक बालबालिकाहरुका विभिन्न आवश्यकताहरुलाई बुझी उनीहरुको आवश्यकता अनुसारको शैक्षिक वातावरण निर्माण गरी शिक्षा व्यवस्थापन गर्न सक्नु एक्काइसौं शताब्दीको प्रमुख चूनौति भित्र पर्दछ । कुनैपनि समाजमा जन्मजात रुपमा तथा जन्मिसकेपछि पनि आवश्यक स्याहार, उपचार तथा पौष्टिकताको अभावले थुप्रै बालबालिकाहरु अपाङ्ग हुन सक्दछन् । अपाङ्ग बालबालिकाहरुलाई सपाङ्ग बालबालिकाहरुको तुलनामा सामाजिक वातावरण अनुसार व्यवहार गर्न एवं परिचालित हुन कठिनाई हुन्छ । यसरी अपाङ्ग बालबालिकाहरुलाई पनि आत्मनिर्भर बनाउन तथा समाजको अब्बल दर्जाको नागरिकको रुपमा स्थापित गराउन उनीहरुलाई विशेष रुपमा शिक्षाका अवसरहरु उपलब्ध गराउनु पर्दछ ।

समग्र समाजको सन्तुलित विकासका लागि अपाङ्गता भएका बालबालिकाहरुलाई पनि शिक्षाको मूल प्रवाहमा ल्याउनु पर्दछ । हालसम्म अपाङ्ग बालबालिकाहरुका लागि सञ्चालित विशेष शिक्षाका अपेक्षा र उद्देश्यहरु अनुसार वास्तविक उपलब्धीहरु हाँसिल हुन सकेका अथवा नसकेका भन्ने बारेमा र अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षालाई उद्देश्यउन्मुख बनाई उपलब्धीमूलक स्थितिमा पुऱ्याउन सम्बन्धित पक्षहरुले के कस्तो भूमिका निर्वाह गर्नु पर्दछ भन्ने सम्बन्धमा कुनैपनि किसिमको अध्ययन, विश्लेषण र निष्कर्ष ननिकालिएको हुँदा (काफ्ले, २०६२) यस्ता कुराहरुको खोज अनुसन्धान गर्नका लागि विशेष शिक्षाभित्र बालिका, महिला, अपाङ्ग बालबालिका, दलित बालबालिका, जनजाति बालबालिका, सडक बालबालिका, द्वन्द्वपीडित बालबालिका, बेचबिखन तथा यौन शोषणबाट पीडित बालबालिका, गरिबीले समस्याग्रस्त बालबालिका आदि पर्ने भएपनि यस अनुसन्धान भित्र ती सबै किसिमका बालबालिकाहरु मध्येबाट अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षाका अपेक्षा र उपलब्धीका विषयमा सान्दर्भिक निष्कर्षहरु पहिल्याउन यस अध्ययनलाई अगाडि बढाइएको हो । तसर्थ यस अध्ययनका लागि छनौट गरिएको समस्याको शीर्षक “अपाङ्गता भएका व्यक्तिहरुको विशेष शिक्षा प्रतिको अपेक्षा र उपलब्धि” रहेको छ ।

### १.३. अध्ययनको औचित्यः

कुनैपनि समुदाय तथा समाजमा कुनै न कुनै किसिमका अपाङ्गता भएका बालबालिकाहरु भेटिन्छन् । उनीहरु सक्षम बालबालिकाहरु सरह सामाजिक एवं शैक्षिक वातावरणको उपभोग गर्न सक्दैनन् । समाजमा रहेका अपाङ्ग बालबालिकाहरुका लागि उनीहरुको आवश्यकतासंग मिल्ने खालको शिक्षाको व्यवस्था गरी उनीहरुलाई समाजको आत्मनिर्भर नागरिक बनाउन विशेष शिक्षाको कार्यक्रमले राखेका अपेक्षा अनुसारका उपलब्धिहरु हाँसिल हुन सकिरहेका छन्/छैनन् भन्ने कुरा थाहा पाउन यस अध्ययनले निम्न कुराहरुमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

- अपाङ्गता भएका बालबालिकाहरु संलग्न विशेष शिक्षाका मुख्य अपेक्षाहरुको व्याख्या विश्लेषण गर्न ।
- अपाङ्गता भएका बालबालिकाहरुको सिकाई उपलब्धीको लेखाजोखा गर्न ।
- अपाङ्गता भएका बालबालिकाहरुका सिकाईसंग सम्बन्धित समस्याहरु पत्ता लगाउन ।
- अपाङ्गता भएका बालबालिकाहरु संलग्न विशेष शिक्षाको व्यवस्थापनमा देखिएका कमीकमजोरीहरुलाई हटाई सुधार गर्न ।
- अपाङ्गता भएका बालबालिकाहरु संलग्न विशेष शिक्षाले राखेका अपेक्षा र उपलब्धीकाबीच रहेका अन्तरहरु पहिल्याई सम्बद्ध पक्षहरुलाई यसको प्रवर्धनमा सुझाव, सल्लाह दिने भएकोले यसको अझै महत्व रहेको छ ।
- अपाङ्गता भएका बालबालिकाहरु संलग्न विशेष शिक्षाको प्रभावकारीता बढाइ सम्बन्धित पक्षहरुलाई सक्रिय बनाउन ।

## १.४. अध्ययनको उद्देश्यः

यस अध्ययनका निम्न उद्देश्यहरु रहेका छन् :

क) अपाङ्गता भएका बालबालिकाको विद्यालय शिक्षा प्रतिको अपेक्षा केलाउने ।

ख) अपाङ्गता भएका बालबालिकाको शैक्षिक उपलव्धिको लेखाजोखा गर्ने ।

ग) अपाङ्गता भएका बालबालिकाको लागी सञ्चालीत विशेष शिक्षा कार्यक्रमको उपयोगीता विश्लेषण गर्ने ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरुः

तोकिएको उदेश्य पुरा गर्नका लागि निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरु निर्धारण गरिएका छन् ।

क) अपाङ्गता भएका बालबालिकाहरुको विद्यालय प्रवेशका आधारहरु के के हुन् ।

ख) विषेश शिक्षाप्रति सरोकारवालाहरुको अपेक्षा के छ ?

ग) विद्यालयमा मानव संशाधन व्यवस्थापनको अवस्था के छ ?

घ) विद्यालयमा भौतिक सुविधा व्यवस्थापनको अवस्था के छ ?

ङ) विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अवस्था के छ ?

च) अपाङ्गता भएका बालबालिकाका लागी कस्ता कस्ता शिक्षण विधिको प्रयोग गरिएको छ ?

छ) अपाङ्गता भएका बालबालिकाको शैक्षिक उपलव्धिको लेखाजोखा गर्ने ?

ज) विषेश शिक्षामा अपाङ्ग बालबालिकाहरुको सहभागिता र सक्रियता बढाउने उपायहरु के-के हुन् ?

## १.६. अध्ययनको परिसीमाः

यस अध्ययनका लागि निम्न परिसीमा निर्धारण गरिएको छ ।

क) यो अध्ययन चितवन जिल्लामा रहेका अपाङ्गता भएका व्यक्तिहरु अन्तर्गत अपाङ्गता भएका बालबालिकाहरु संलग्न विशेष शिक्षा सञ्चालन गरिरहेका ३ वटा माध्यमिक विद्यालयका प्राथमिक तहमा मात्र सीमित गरिएको छ ।

ख) अपाङ्गता भएका वालवालिका मध्ये सुस्तमनस्थिति, दृष्टिविहीन, सुस्त श्रवण/बहिरा र शारीरिक अपाङ्गतालाई समावेश गरिने छ ।

ग) विशेष शिक्षाको अपेक्षा र उपलब्धिविचमा अन्तर पत्ता पाउन बालबालिकाहरुको पहिलो पाठशाला घर हो भन्ने मान्यता अनुसार उनीहरुको विकासमा अभिभावकहरुको मुख्य भूमिका रहेको हुन्छ । त्यसमा पनि अपाङ्ग बालबालिकाहरुको लागि त झन् अभिभावकहरु नै सर्वेसर्वा देखिन्छन् । यसर्थ यस्ता बालबालिकाहरुका अभिभावकहरुको आफ्ना बच्चाहरुप्रति र उनीहरु अध्ययन गर्ने विद्यालयप्रति धारणा र

प्रतिक्रिया पत्ता लगाउन आवश्यक देखिएकोले अभिभावकहरुबाट प्राप्त प्रतिक्रियालाई विश्लेषण गरिएको छ ।

घ) अपाङ्गता भएका बालबालिकाहरुलाई दिइने शिक्षा पनि साधारण विद्यार्थीहरुसँगै दिइने हुँदा उनीहरुलाई चाहिने थप वा अतिरिक्त सहयोगको यथार्थतालाई आत्मसात गरी सञ्चालन गरिएका विद्यालयहरुले समाजमा के कस्तो सन्देश प्रवाह गरेका छन्, तिनीहरुले बालबालिकाको व्यक्तिगत र सामाजिक जीवनमा के कस्तो सहयोग पुऱ्याएका छन्, भन्ने थाहा पाउन ति विद्यालयमा अध्यापनरत शिक्षकहरुलाई सोधिएका प्रश्नावलीहरुमा प्राप्त प्रतिक्रियाहरुको विश्लेषण गरिएको छ ।

ङ) अपाङ्गता भएका बालबालिकाहरुलाई समग्ररुपमा आत्मनिर्भर बनाउन विद्यालयको प्रशासनिक दायित्व वहन गरिरहेका प्रधानाध्यापकहरुको पनि महत्वपूर्ण भूमिका हुन्छ । मूख्यरुपमा शारीरिक, मानसिक र संवेगात्मकरुपमा विभिन्न कठिनाई भोगिरहेको अपाङ्ग बालबालिकाहरुका आवश्यकताहरुलाई मध्यनजर गरी जीवन्त शिक्षण सिकाई प्रक्रियाका लागि विभिन्न किसिमका कार्ययोजनाहरु बनाई उनीहरुको व्यक्तित्व विकासमा योगदान पुऱ्याउन प्र.अ.ले महत्वपूर्ण भूमिका खेल्न सक्दछन् । यसै सिलसिलामा यो कार्यक्रम सञ्चालन भैरहेका विद्यालयका प्रधानाध्यापकहरुलाई सोधिएका प्रश्नावलीहरुको प्रतिक्रियाहरुको विश्लेषण गरिएको छ ।

च) यस अध्ययनका लागि चितवन जिल्लामा अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षा सञ्चालन गरिरहेका ३ वटा विद्यालयमा आवध्द ३ जना प्रधानाध्यापक, बालबालिकाहरुको पठनपाठनमा पूरा अभिभावकत्व निर्वाह गरिरहेका अभिभावकहरु मध्येबाट आर्थिक स्थिति, सामाजिक

स्थिति जातिगत र शैक्षिक पृष्ठभूमिका आधारमा १० जना अभिभावक, जिल्ला शिक्षा कार्यालय विशेष शिक्षासंग सम्बन्धित सम्पर्क व्यक्ति (Focal Person) १ जना, विशेष कक्षामा प्रत्यक्ष संलग्न स्रोत शिक्षक वा विशेष शिक्षकहरुमध्येबाट लैङ्गिक, तालिमको किसिम र सेवाको किसिमका आधारमा जम्मा ६ जना शिक्षक र प्रत्येक विद्यालयबाट समताको सिद्वान्तको आधारमा ६/६ जना पर्ने गरि जम्मा १८ जना विद्यार्थी सहित कुल ३८ जनालाई नमुना उत्तरदाताको रुपमा छनौट गरिने छ ।

छ) यस अध्ययनको लागि आवश्यक तथ्याङ्कहरुको संकलन गर्नको लागि प्राथमिक स्रोतका रुपमा स्थलगत सर्वेक्षण नै प्रमुख रहेने छन । त्यसमा नमुना छनौटमा रहेका विद्यालयका प्रधानाध्यापकहरु, शिक्षकहरु, विद्यार्थीहरु, अभिभावकहरु र सम्पर्क व्यक्ति जस्ता व्यक्तिहरु रहेका छन् । अर्को तर्फ द्वितिय तथ्याङ्कको स्रोतको रुपमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, त्रि.वि.शिक्षा विकास तथा अनुसन्धान केन्द्र, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. केन्द्रीय पुस्तकालय र संघसंस्थाहरु रहने छन् ।

## १.७. अध्ययनमा प्रयोग भएका शब्दहरुको परिभाषाः

यस अध्ययनमा अपाङ्गता भएका व्यक्तिहरु भन्नाले अपाङ्गता भएका बालबालिकाहरुलाई जनाउँछ ।

**क) सुस्तमनस्थिति भन्नाले**

- सानोसानो काम पनि गर्न नसक्ने,
- आफू गएको ठाउँको बारेमा बताउन नसक्ने,
- सामान्य पाठको बारेमा सम्झिन बुझ्न कठिनाई हुने,

- कुनै विषयमा ध्यानकेन्द्रीत गर्न नसक्ने,
- टोलाउने,
- कुनै कुरा ढिलो बुझ्ने, चाँडै बिर्सने,
- अकस्मात हर्ष र रोदन प्रकट गर्ने,
- पढ्दापढ्दै अल्मलिले,
- किताब अथवा हेर्न लागेको वस्तुलाई नजिकै लिने ।

**<u>ख) दृष्टिविहीन भन्नाले</u>**

- नजिक टाढाका वस्तुहरु देख्न नसक्ने,

**<u>ग) सुस्त श्रवण/बहिरा भन्नाले</u>**

- सुनाइमा ध्यान दिन नसक्ने,
- बारम्बार कान सुन्न नसक्ने,
- तीन फिटको दूरीबाट कुराकानी नसुन्ने,
- कान ठाडो पारेर सुन्ने कोशिस गर्ने,
- दायाँबायाँबाट आएको आवाजप्रति प्रतिक्रिया नजनाउने,
- सोधेको कुराको ठीक जवाफ नदिने,
- निर्देशनमा अल्मलिने ।

**घ) शारीरिक अपाङ्गता भन्नाले**

- एउटै वा दुबै खुट्टाहरु भित्र वा पछाडिपट्टी फर्केका,
- शरीरका अंगहरु लल्याकलुलुक भएको,
- हिंड्न, डुल्न नसक्ने,
- मांशपेशीमा संकुचन भएको,
- शरीरका पूरा अङ्गहरु नभएको,
- पाइला चाल्दा एकातिर ढल्किने,
- हातमा बस्तु राखी उठाउन नसक्ने ।

# परिच्छेद : दुई

## अध्ययनको सैद्धान्तिक खाका तथा सम्वन्धित साहित्यको पुनरावलोकन

### २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

विशेष शिक्षा नेपालको सन्दर्भमा नयाँ अवधारणा हो । विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि सन् १९९४ मा स्पेनको सालामाङकामा भएको विश्व शिक्षा सम्बन्धी सम्मेलनले सबैका लागि शिक्षा भन्ने लक्ष्य प्राप्त गर्न विशेष शिक्षालाई एउटा महत्वपूर्ण रणनीतिको रुपमा अगाडि ल्यायाएका थिए (काफ्ले, २०६१) । हाल सञ्चालनमा रहेका सबैजसो कार्यक्रमहरुले विशेष शिक्षालाई समग्र कार्यक्रम सञ्चालन गर्ने पद्दतीको रुपमा व्याख्या गरेका छन् । विशेष शिक्षालाई यस्तो सर्वव्यापक मूल्यमान्यतालाई पूरा गर्न नेपालमा पनि नेपाल सरकार शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग, डेनमार्कको काउट्री अफ कोपन हेगन र रोयल डेनिस युनिभर्सिटी अफ एजुकेशन बीचको संस्थागत सम्बन्ध (ILP) अन्तर्गत सन् २००० बाट डेनिस सरकारको प्राथमिक सहयोगमा विशेष शिक्षाको परीक्षण कार्यक्रम शुभारम्भ गरिएको हो (काफ्ले, २०६१) ।

नेपालमा विशेष शिक्षाको परीक्षणको दौरानमा यो कार्यक्रम बाँके, उदयपुर, काभ्रेपलान्चोँक र सिन्धुपाल्चोक गरी ४ जिल्लाका जम्मा १२ वटा विद्यालयमा सञ्चालन गरिएको थियो (शिक्षा विभाग, २०६३)। यसै सिलसिलामा ती विद्यालयहरुमा कार्यरत सबै शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र अभिभावकहरुको सहभागितामा विभिन्न वैठक र सेमिनार कार्यक्रमहरुको सञ्चालन गरी विशेष शिक्षाको अवधारणा तथा उपादेयताको बारेमा जानकारी हाँसिल गराइएको थियो । साथै प्राथमिक तहको कक्षाहरुमा भर्ना हुन आउने विद्यार्थीहरुको लेखाजोखा कसरी गर्ने, मानसिक विकासका दृष्टिकोणले छिटो, औसत र ढिलो सिक्ने क्षमता

भएका विद्यार्थीहरुको पहिचान कसरी गर्ने, विद्यालयमा सबै किसिमका बालबालिकाहरुका लागि स्वागतयोग्य वातावरणको निर्माण कसरी गर्ने, शिक्षण सामग्रीहरुको निर्माण, संकलन र तिनको बहुप्रयोग सम्बन्धी व्यवस्थापन कार्यक्रमलाई कसरी प्रभावकारी बनाउने भन्ने सन्दर्भमा पनि विशेष किसिमका तालिम, प्रशिक्षण जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको थियो (काफ्ले, २०६१) ।

अपाङ्गता भएका वालवालिकाहरुको लागी चाहिने सम्पूर्ण प्रक्रियाहरुको अध्ययन गर्दा के बुझिन्छ भने यो एउटा सर्वव्यापक कार्यक्रम हो । किनभने यसले समाजमा पछौटेपनको एवं हरेक कमजोरीहरुको सामना गरिरहनु परेका बालबालिकाहरुलाई विभेदरहितढंगले शिक्षाको मूलधारमा ल्याउने उद्देश्यलाई अङ्गीकार गरिरहेको छ । प्रारम्भमा विशेष शिक्षालाई अपाङ्ग बालबालिकाहरुका लागि मात्र सञ्चालित शिक्षा पद्दतीको रुपमा परिभाषित गर्ने गरिएको थियो (काफ्ले, २०६१) । तर हाल आएर सिकाईको लागि कुनै पनि कारणले बहिष्कृत भएका वा विशेष हुन नसकेका बालबालिकाहरुका लागि स्वयं विद्यालयले विद्यालयमा स्वागतयोग्य वातावरणको तयारी गर्नुपर्दछ भन्ने मान्यताको विकास भैसकेकोले यसको अवधारणामा व्यापकता थपिएको छ । यसरी नेपालको सन्दर्भमा पनि विशेष शिक्षाको प्रभावकारीता बढ्दै गएकोले प्रत्येक वर्ष यो शिक्षा लागु हुने विद्यालयको संख्या बढ्दै गएको पाउन सकिन्छ । यसै सन्दर्भमा अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षा सम्बन्धी पूर्व साहित्यको पुनरावलोकन गर्ने सिलसिलामा विभिन्न पत्रपत्रिका, लेख, रचनाहरु, शोध ग्रन्थहरु, अनुसन्धान प्रतिवेदनहरु र विभिन्न ऐन, नियम एवं मुलुकको संविधान (२०६३) मा भएका अपाङ्ग बालबालिकाको हितसंग सम्बन्धित आधारभूत तथा नीतिगत कुराहरुको अध्ययन तथा विश्लेषणको सार निम्न ढंगले प्रस्तुत गरिएको छ :

Population Census (सन् १९७१) ले नेपालमा सर्वप्रथम अपाङ्गता सम्बन्धी तथ्याङ्क संकलन गरेको पाइन्छ । यसै क्रममा प्रभावकारी रुपमा तथ्याङ्क प्राप्त गर्न अपाङ्गहरुलाई अन्धा, बहिरा, सुस्त श्रवण र शारीरिक गरी ४ वर्गमा विभाजन गरेको पाइयो । तर

अन्तमा जनगणना कार्यक्रमले ति वर्गहरुको प्रभावकारी र विश्वसनीय तथ्याङ्क प्राप्त गर्न नसकेको स्थिति देखिएको छ । केन्द्रीय तथ्याङ्क विभागले तथ्याङ्क प्रकाशन गर्दा आर्थिक रुपले निस्क्रिय (१० वर्ष माथि) अपाङ्गहरुको मात्र तथ्याङ्क प्रकाशन गरेको स्थिति पाइएको छ ।

Social Services National Co-ordination Council (1980) ले अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष १९८१ सम्बन्धमा नयाँ कार्यक्रम अगाडि ल्याउने नेपालको प्रतिवद्धता अनुरुप नेपालमा अपाङ्गता सम्बन्धी सर्वेक्षण गरेको पाइन्छ । जुन नेपालको पहिलो वैज्ञानिक र आधिकारिक सर्वेक्षण हो । यो अध्ययनले अपाङ्ग सम्बन्धी विभिन्न प्रश्नहरुमा केन्द्रीत रही आफ्नो सर्वेक्षण अगाडि बढाएको पाइन्छ । ति प्रश्नहरुमा नेपालमा प्रतिहजार कति अपाङ्ग छन्, उमेर तथा लिङ्गको आधारमा के कति अपाङ्ग छन्, उनीहरुप्रति समाजको के-कस्तो दृष्टिकोण छ, आर्थिक उपार्जन के कतिले गर्न सक्दछन् जस्ता प्रश्नहरुमा केन्द्रित भइ कार्य गरेको पाइयो । यस अध्ययनले नेपालमा प्रतिहजार ३०.०९% जनसंख्या अपाङ्गहरुको भएको निष्कर्ष निकालेको पाइन्छ । जसमा ६२.६३% पुरुष र ३७.३७% महिला रहेको पाइयो भने ४५.७४% व्यक्ति आर्थिक रुपले निस्क्रिय भएको देखाइएको छ । अपाङ्गताको कारणहरुमा जन्मदाको प्रतिकूल अवस्था, रोगहरु र दुर्घटनाहरु प्रमुख रहेको निष्कर्ष निकालेको पाइयो ।

National Planning Commission (2001) ले UNICEF को समन्वयमा “नेपालमा अपाङ्गहरुको अवस्था विश्लेषण” नामको एक अध्ययन गरेको पाइन्छ । यो अध्ययनले नेपालमा अपाङ्ग कति छन्, उनीहरुको आर्थिक, शैक्षिक, सामाजिक अवस्था कस्तो छ, यिनीहरु घट्दो या बढ्दो क्रममा छन् भन्ने कुराको पहिचान गरी त्यही अनुकूल कार्यक्रम तर्जुमा गर्न यसले पहल गरेको पाइयो । उपरोक्त विषयलाई अध्ययनमा राखि यस अध्ययनले ३० वटा जिल्लाका १३००५ घरपरिवारका ७५९९४ जना व्यक्तिहरुलाई नमुनाको लागि छनौट गरेको देखिन्छ । यस अध्ययनले गम्भिर खालका अपाङ्गहरुलाई

मात्र समेट्ने प्रयास गरेको पाइएको छ भने हल्का र मध्यम खालका अपाङ्ग र ९० वर्ष भन्दा माथिका व्यक्तिहरुलाई अध्ययनको सीमा बाहिर राखेको पाइयो ।

यस अध्ययनले अपाङ्गहरुको संख्या सामाजिक संघसंस्थाहरुले सोचेभन्दा केही कम भएको निष्कर्ष निकालेको पाइन्छ । अपाङ्गहरुको शैक्षिक स्थिति हेर्दा कूल अपाङ्गको ७८.२०% (६ वर्ष माथि) व्यक्तिहरु शिक्षाबाट बञ्चित भएको, २०% अपाङ्गले मात्र प्राथमिक शिक्षा पाएका, २.९% (७ वर्ष माथि) ले सीप विकासको तालिम पाएका छन् । १४ वर्ष माथि २२.२०% अपाङ्गहरु आर्थिक आर्जनमा संलग्न भएका, ७६.६०% अपाङ्ग परिवारमा निर्भर रहने गरेको स्थिति देखियो । यद्यपी ८३.८०% अपाङ्गलाई सामाजिक क्रियाकलापहरुमा सहभागि हुन कठिनाई भएको अध्ययनले निष्कर्ष निकालेको छ ।

CERID को Formative Research Project, CERID (2004) का अनुसार विशेष शिक्षाले सक्षम, असक्षम तथा औसत सबै किसिमका बालबालिकाहरुलाई समेट्दछ । यस अध्ययनले परीक्षणको रुपमा विशेष शिक्षा लागू भएका विद्यालयमा महत्वपूर्ण परिवर्तनहरु भएको देखाएको छ । जस अनुसार विद्यार्थी भर्नादरमा बृद्धि भएको छ र दलित, जनजाति र गरिब परिवारबाट बालबालिकाहरु विद्यालयमा भर्ना हुन आएका छन् । शारीरिक र मानसिक रुपमा अपाङ्ग बालबालिकाहरु पनि दैनिक शिक्षण सिकाई क्रियाकलापमा सहभागी हुन्छन् । शिक्षकले विशेष शिक्षामा आधारित नयाँ शिक्षण विधी र शैक्षिक सामग्रीहरुको उच्च अभिप्रेरणाका साथ प्रयोग गरेका छन् । विद्यालय र समुदायबीचको सम्बन्ध बलियो र बिकसित भएको छ । विशेष शिक्षा लागू गर्न मुख्यरुपमा अवरोध पुऱ्याउने भनेको गरिबी, सामाजिक, सांस्कृतिक संरचना अपर्याप्त भौतिक सुबिधा र मानव शक्तिको अभाव हो भन्ने यस अध्ययनको निष्कर्ष हो ।

Population Census (2058 B.S.) अनुसार नेपालमा ५३% जनता मात्र साक्षर छन् । साक्षरताको दर शहरमा बढी छ । शारीरिक रुपमा असक्षम र सामाजिक रुपमा पिछडिएका शैक्षिक अवसरबाट बञ्चित छन् ।

Situation Analysis of Disability in Nepal (NPC/UNICEF/New Era, 2001) मा उल्लेख भए अनुसार ५-९ वर्ष उमेर समूहका ८.३०% बालबालिका र १०-१४ वर्ष उमेर समूहका ९.४% बालबालिकाहरु अपाङ्ग छन् ।

Kafle (2002) का अनुसारः "कुनै न कुनै रुपमा शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, आर्थिक, भाषिक जस्ता थुप्रै तत्वहरुले सबै बालबालिकाहरुका शैक्षिक आवश्यकताहरुलाई हस्तक्षेप गरिरहेको स्थितिमा विशेष शिक्षाले ति सबैखाले हस्तक्षेपहरुलाई हटाई बालबालिकाहरुको शैक्षिक आवश्यकताहरु पुरा गर्ने गर्दछ ।" यस अध्ययनले विशेष शिक्षाको विकासक्रम सन् १९९० बाट थालनी भएको प्रसङ्गलाई उल्लेख गर्दै यसको ऐतिहासिक पृष्ठभूमीलाई स्पष्ट पारेको छ । जस अनुसार १९६० को दशक देखि विशेष शिक्षालाई अपाङ्ग बालबालिकाहरुका विशेष आवश्यकताहरु पूरा गर्न दिइने विशेष विधियुक्त साधनको रुपमा मात्र नलिई प्रतिभाशाली बालबालिकाहरुका विशेष आवश्यकताहरु पूरा गर्नको लागि पनि यो शिक्षा मूल आधार बन्नु पर्दछ भन्ने धारणाका साथ यसलाई व्यापक रुपमा लिन थालियो । सन् १९७० को दशकमा बेलायतले पहिलो  पटक बालबालिकाको आवश्यकतालाई विशेष शैक्षिक आवश्यकताका रुपमा लिनुपर्ने कुरा उठायो । सन् १९८० को दशकपछि विभिन्न सामाजिक, आर्थिक पृष्ठभूमीबाट आएका बालबालिकाहरुलाई सिकाईमा विभिन्न बाधा, अड्चन र अवरोध आउन सक्ने हुनाले यस्ता कठिनाइहरुलाई ध्यानमा राखी त्यस्ता सबै बालबालिकाहरुको विशेष आवश्यकता शिक्षाको प्राबधान गरिनु पर्ने माग बढ्दै गयो ।

Kristen, B. and Dyssegard, Birgit (2002) का अनुसारः विशेष शिक्षाको सम्बन्ध अपाङ्ग बालबालिकाहरुका विशिष्ट आवश्यकताहरुसंग सम्बन्धित हुन्छ । यस अध्ययनले विशेष शिक्षाको विकासमा अभिभावकहरु र समुदायका व्यक्तिहरुको भूमिकालाई उच्च प्राथमिकता दिएको छ । विशेष शिक्षाको विकासमा कक्षाकोठामा शिक्षकले निर्माण गर्नसक्ने वास्तविक वातावरणको पनि महत्वपूर्ण भूमिका हुन्छ । विशेष शिक्षाले विशेष

गरी अपाङ्गताको अवस्थामा रहेका बालबालिकाहरुलाई तथा अन्य हिसाबले कमजोर अवस्थामा रहेका बालबालिकाहरुलाई शिक्षामा सहभागी गराउन जोड दिएतापनि यो सम्पूर्ण शिक्षा भएकोले यसलाई साधारण शिक्षाका मूल्य मान्यताहरुको नजिक राखेर पनि बुझ्नुपर्दछ । समाजको विविधता र व्यक्तिगत विभिन्नताका कारण विशेष शिक्षाको उपादेयता बढ्दै गएको निस्कर्ष यस अध्ययनले निकालेको छ ।

CERID (2005) का अनुसारः "विद्यालय पुग्न धेरै समय लाग्ने भएका कारण बालबालिकाहरु विद्यालय छोड्ने र कक्षा दोहऱ्याउने अवस्था उच्च पहाडि क्षेत्रमा बढी देखिएको छ । बालबालिकाहरुका यस्ता समस्याहरुलाई ध्यान दिएमा विशेष शिक्षाको अवधारणा अनुसार गाउँ नजिकै विद्यालय बनाउनु पर्दछ ।" यसरी यस अध्ययनले विविध खालका पछौटेपनहरुको निराकरणका लागि लक्षित समुदायमा विशेष शिक्षाको विस्तारमाथि जोड दिनुपर्ने कुरा उल्लेख गरेको छ ।

काफ्ले (२०६२) का अनुसार विश्वबाटै निरक्षरता उन्मुलन गर्न विभिन्न कार्यक्रमको अबलम्बन गर्दै सन् २०१५ सम्ममा सबैको पहुँचमा शिक्षा पुऱ्याउन "सबैको लागि शिक्षा" को व्यवस्था गर्ने विश्वको आव्हान अनुरुप नेपालले सन् २००१ देखि २०१५ सम्मका लागि सेनेगलको डकारमा सन् २००० मा विश्व शिक्षा मञ्चले तयार पारेको डकार कार्यढाँचालाई आत्मसात गरी राष्ट्रिय कार्ययोजना तयार गरी चरणवद्धरुपमा कार्यक्रमतर्फ उन्मुख भइरहेको छ । जसअनुसार डकार कार्यढाँचाले सुबिधाविहिन तथा अति जोखिममा रहेका बालबालिकाहरुको समग्र विकासका लागि शिशु कक्षा तथा स्याहार केन्द्रको विस्तार गर्ने, गुणस्तरीय निःशुल्क तथा अनिवार्य पूर्व प्राथमिक शिक्षामा सन् २०१५ सम्ममा सबै परिस्थितिमा रहेका बालबालिका र अल्पसंख्यक जनजातिको पहुँच सुनिश्चित गर्ने, जीवनउपयोगी कार्यक्रम र उचित सिकाईमा सिकाई आवश्यकता अनुरुप युवा तथा बालिगको समतामुलक पहुँच सुनिश्चित गर्ने, बाल साक्षरताको खासगरी महिलाको आधारभूत तथा निरन्तर शिक्षामा समतामुलक पहुँच सुनिश्चित गरी सबै तहमा ५०% बृद्धि गर्ने, मातृभाषामा गुणस्तरीय आधारभूत

तथा प्राथमिक शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित गर्ने जस्ता लक्ष्यहरुका आधारमा समतामुलक शिक्षाको अवधारणालाई अगाडि बढाएको पाइन्छ ।

काफ्ले (२०६२) का अनुसारः विशेष आवश्यकता शिक्षा एउटा यस्तो शैक्षिक अभ्यास हो जसले कठिनाई, विभेद र समस्यामा परेका भिन्न खालका वैयक्तिक एवं शैक्षिक आवश्यकतामा ध्यानकेन्द्रीत गर्दछ । शैक्षिक प्रणालीले सम्बोधन गर्नुपर्ने विभिन्न चुनौतीहरुको कारण शिक्षणमा कठिनाईहरु बढाउने विभिन्न शारीरिक, बौद्धिक, सामाजिक, भावनात्मक, भाषिक वा अन्य विभेदहरुलाई विशेष आवश्यकता शिक्षाले अंगिकार गरेको हुन्छ । कतिपय बालबालिकाहरुलाई सिकाई सम्बन्धी कठिनाई आइपर्ने हुँदा ति कठिनाईहरुलाई सम्बोधन गर्न उनीहरुका लागि विशेष आवश्यकता शिक्षाको सिर्जना हुन्छ । तसर्थ कठिनाई, असुबिधा र अपाङ्गताका साथ बाँच्नुपर्ने बालबालिकाहरु तथा सुबिधायुक्त बातावरणमा रहेका सपाङ्ग बालबालिकाहरुका लागि समान शैक्षिक व्यवस्थाको प्रावधान हुनुपर्दछ जुन परम्परागत रुपमा सामान्य नियमित वा बहुसंख्यक बालबालिकाहरुको विशेषाधिकारको रुपमा प्रयोग हुँदै आएको छ ।

शिक्षा प्राप्त गर्न सबै मानवको वैयक्तिक अधिकार हो । शिक्षा प्राप्त गर्ने अवसरबाट कसैलाई पनि बञ्चित गरिनु हुन्न । सबै नागरिकलाई शिक्षा दिनु राज्यको दायित्वभित्र पर्दछ । मानवमा वैयक्तिक भिन्नता हुन्छ । मानवीय वैयक्तिक भिन्नतालाई विशेष आवश्यकता शिक्षाले स्वीकार गर्दछ । विशेष आवश्यकता भएका बालबालिकाहरुलाई शिक्षा दिने एकिकृत विद्यालयको स्थापना गरी साधारण बालबालिकाहरुसंग राखेर शिक्षा दिन विशेष शिक्षाले सहयोग गर्दछ ।

रायमाझी (२०६२), ले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्न गरिएको अध्ययनले धुलिखेल नगरपालिकामा सञ्चालित विशेष शिक्षा लागु भएका विद्यालयहरुमा प्रशासनिक व्यवस्थापन, मानव शंसाधनको व्यवस्थापन/भौतिक पक्षको व्यवस्थापन, आर्थिक पक्षको व्यवस्थान, कक्षाकोठा र

विशेष सामग्रीहरुको व्यवस्थापन सम्बन्धी जानकारी राख्ने तथा समस्या पत्ता लगाउने उद्देश्यले राखेको कार्यलाई अगाडि बढाएको पाइयो । यस अध्ययनले विशेष शिक्षा लागु गर्नको लागि नमूना विद्यालयको छनौट गर्दा दुर्गम तथा विद्यालय-विद्यालयबीचको पर्याप्त दूरीलाई महत्व दिनुपर्ने, शिक्षकलाई तालिमको व्यवस्था गर्नुपर्ने, कक्षा व्यवस्थापन र शिक्षण सामग्रीको व्यवस्थापनमाथि जोड दिनुपर्ने, विशेष शिक्षाका लक्षित समूहका विद्यार्थीहरुको संख्यात्मक रुपमा अनुसन्धान गरी उनीहरुलाई विद्यालय वातावरणभित्र ल्याई शिक्षा दिने व्यवस्था गर्नुपर्ने, शारीरिक अपाङ्गको लागि आवश्यक पर्ने बैशाखी, ह्वीलचियर, कृत्रिम हातखुट्टा, ट्राईसाइकल तथा विशेष किसिमको फर्निचरको व्यवस्था गर्नुपर्ने शिक्षकले सबै विद्यार्थीहरुलाई आवश्यकता अनुसार समूह नेता बन्ने अवसर दिनुपर्ने, तथा लक्षित समूहका विद्यार्थीहरुका छात्रवृत्तिको व्यवस्था गरी विशेष शिक्षा पद्दतीलाई सर्वव्यापक बनाउनु पर्ने कुरा औल्याएको छ ।

यसरी उपर्युक्त प्रतिवेदन र शोध अध्ययनले अपाङ्ग बालबालिकाका आवश्यकता, समस्या तथा उनीहरुको व्यक्तित्व विकासको आधारको रुपमा रहेको विशेष शिक्षाको औचित्यको बारेमा जानकारी हाँसिल गराई हरेक क्षेत्रबाट सक्दो योगदान पु¥याउन सहयोग पु¥याउने देखिन्छ । हालसम्म नेपाल सरकारद्वारा विशेष आवश्यकता शिक्षा कार्यक्रम अन्तर्गत विभिन्न जिल्लामा सञ्चालित विशेष शिक्षामा आधारित विद्यालयहरु मध्ये चितवन जिल्लामा अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षाको माध्यमद्वारा सञ्चालित विद्यालयहरुको अध्ययन अनुसन्धान आजसम्म नभएकोले प्रस्तुत अध्ययन यिनै पूर्व शोध अध्ययन र प्रतिवेदनले औंल्याएका विविध पक्षहरु मध्ये अपेक्षासँग सम्बन्धित पक्षको अध्ययन प्रस्तुत शोधपत्रको विषयवस्तु हो । यसबाट सम्बन्धित क्षेत्रमा थोरै भएपनि सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## २.२.अध्ययनको सैद्धान्तिक खाका

अपाङ्गता भएका बालबालिकाहरु संलग्न विशेष शिक्षाका अपेक्षा र उपलब्धि सम्वन्धि विश्लेषणात्मक अध्ययन नभएको अवस्थामा यस अध्ययनलाई अगाडि बढाउने प्रयास गरिएको हो । यसर्थ अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षाका अपेक्षा र उपलब्धिको अध्ययनबाट प्राप्त जानकारी एवं तथ्याङ्कहरुलाई David Mc. Clelland (1961) को Need/Achievement Theory को सैद्धान्तिक आधारसंग जोडेर विश्लेषण गरिएको छ ।

उनको यस सिद्धान्त अनुसार आवश्यकता तथा उपलब्धीको बोध गराएर, प्रशिक्षण प्रदान गरेर, पृष्ठपोषण प्रदान गरेर, कार्यको नमुना देखाएर, चुनौतीपूर्ण र सिर्जनात्मक कार्य गर्ने प्रवृत्तिको विकास गराएर व्यक्ति तथा कुनैपनि निकायलाई सकारात्मक तथा रचनात्मक कार्यहरुतिर अभिप्रेरित गर्न सकिन्छ भन्ने मान्यता माथि जोड दिएका छन् । उनको विचारमा उपलब्धिको आवश्यकता बढी भएमा व्यक्ति तथा निकाय कार्य तथा चिन्तन दुबैमा बढी कटिबद्ध भएर लाग्दछ ।

उनको अनुसार उपलब्धि हाँसिल गर्नको लागि आधारभूत आवश्यकता माथि जोड दिएका छन् । जसअनुसार N-ACH अर्थात उपलब्धिको आवश्यकता पहिलो आवश्यकता हो । यस आवश्यकता अनुसार उन्नती, प्रगति तथा विकासमा सफलता हाँसिल गर्ने महत्पूर्ण आवश्यकता हो । दृढ जीवनशैली अपनाई जोखिमपूर्ण नयाँ तथा रचनात्मक काम र निर्णय गर्ने यस आवश्यकताले व्यक्तिलाई अभिप्रेरित गर्दछ । त्यस्तै दोस्रो आधारभूत आवश्यकताको रुपमा रहेको N-Pow अर्थात शक्तिको आवश्यकता अनुसार अरुलाई प्रभाव पार्ने, आदेश दिने, नियन्त्रण गर्ने, निरीक्षण मूल्याङ्कन गर्ने, हप्काउने चाहना राख्ने व्यक्तिलाई शक्तिको आवश्यकता हुन्छ । तसर्थ यस आवश्यताले व्यक्तिलाई शक्ति प्राप्त गर्न अभिप्रेरित गर्दछ । त्यस्तै आधारभूत आवश्यकताको रुपमा रहेको N-AFF अर्थात सम्बन्ध स्थापनाको आवश्यकता अनुसार माया, ममता,

विश्वास, समर्थन प्राप्त गर्ने व्यक्तिलाई अरु व्यक्तिहरुसंगको मैत्रीपूर्ण पारस्परिक सहयोग र सम्बन्धको आवश्यकता पर्दछ ।

यसरी Mc Clelland ले उपलब्धि हाँसिल गर्नका लागि व्यत्ति तथा निकायका ३ वटा आवश्यकताहरु पूरा हुनुपर्दछ भन्ने कुरामाथि जोड दिएका छन् । हरेक व्यक्ति, समाज तथा राज्यले आफ्नो विकासका लागि सबभन्दा पहिले आफूमा आवश्यकताको महसुस गर्दछ र त्यसपछि ति आवश्यकताहरुको परिपूर्ति गर्दै उपलब्धी हाँसिल गर्दछ । वास्तवमा हेर्ने हो भने हरेक व्यक्ति, समाज तथा राज्यलाई आफूमा आवश्यकताको महसुस गराई ती आवश्यकताहरुको परिपूर्तिमा शिक्षाले आधारभूत रुपमा सघाउँदछ । यसरी शिक्षाका सम्पूर्ण शैलीहरुको विकास हुन सकेमा मात्र सम्पूर्ण व्यक्ति तथा समाजको विकास सम्भव हुन्छ । समाजमा जन्मेका तथा हुर्किरहेका हरेक बालबालिकाहरुको अवस्था समान किसिमको हुन सक्दैन । समाजमा सक्षम, असक्षम तथा सामान्य प्रकृतिका बालबालिकाहरुको सममिश्रण हुन्छ । सक्षम तथा सामान्य अवस्थाका बालबालिकाहरुको तुलनामा अपाङ्ग बालबालिकाहरु सिकाइको क्षेत्रमा कमजोर देखिन्छन् र उनीहरु सहजरुपमा उपलब्धिका लागि आवश्यकताको महसुस गर्न सक्दैनन् र ति आवश्यकताहरुको परिपूर्ति पनि गर्न सक्दैनन् । यस्तो अवस्थामा उनीहरुका लागि सहज हुने खालको अथवा उनीहरु सहभागि हुनसक्ने खालको शिक्षा पद्दतीको आवश्यकता हुनेहुँदा वर्तमान समयमा हरेक समाजले अपाङ्ग बालबालिका संलग्न विशेष शिक्षा माथि जोड दिएको पाइन्छ । यसरी अपाङ्ग बालबालिका संलग्न विशेष शिक्षाको मूख्य उद्देश्य के हो भने समाजमा रहेका अपाङ्ग बालबालिकाहरु पनि अन्य किसिमका बालबालिकाहरु साथ आवश्यकताहरुको महसुस गरी समाजमा प्रगति, उन्नती गर्दै आफ्नो प्रभाव स्थान र अस्तित्वलाई उच्च राख्दै समाजका सबै पक्षहरुको सम्बन्धलाई सुदृढ पार्दै आफ्नो व्यक्तित्वको विकास गरी जीवनमा उपलब्धी हाँसिल गर्दै जान सकुन् भन्ने हो । तसर्थ अपाङ्ग बालबालिका संलग्न विशेष शिक्षा पनि आवश्यकता तथा उपलब्धिकै आधारमा विकसित अवधारणा भएकोले David

Mc.Clelland (1961) को Need/Achievement Theory संग सम्बन्धित गरी यस अध्ययनलाई अगाडि बढाएको छ ।

सैदान्तिक ढाँचाको अध्ययनले पनि छनोट गरिएको समस्याको सहि अनुसंधानका लागि यसको पूर्ण पहिचानमा सघाउन मद्दत पुऱ्याउदछ । यसको सहयोगले वास्तविक अनुसंधानलाई जोड दिई निखारिएका समस्याहरुको समाधान गर्न आवश्यक उत्प्रेरणा तथा उपायहरु प्राप्त हुने गर्दछन् । यसै सिलसिलामा यस अध्ययनलाई पनि हरेक दृष्टिकोणले वैज्ञानिक तथा परिणाममुखी शैलिको बनाउन Clelland (1961) को Need/Achivement Theory को अध्ययन विश्लेषणलाई प्रमुखता दिइएको हो ।

## २.३. शैक्षिक उपादेयता

शिक्षा मानव अधिकार हो । परिवर्तनको लागि यसमा असिम शक्ति हुन्छ । यसैको आधारसिलामा स्वतन्त्रता, प्रजातन्त्र र दिगो मानव विकास अडिएको हुन्छ । तसर्थ आज समाजमा रहेका सम्पूर्ण बालबालिकाहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याउन विशेष शिक्षाको अवधारणालाई सबै समाज तथा मुलुकहरुले अङ्गिकार गरिरहेका छन् । नेपालको सन्दर्भमा विशेष शिक्षा नौलो अवधारणा हो। यस अवधारणा अनुसार नियमितरुपमा सञ्चालन भैरहेका विद्यालयहरुमा विनाभेदभाव सबै बालबालिकाहरुले आफ्नो पायक पर्ने विद्यालयहरुमा उपयुक्त वातावरण सिर्जना गरी शिक्षाको अवसर एवं गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यक्रम हो । यस कार्यक्रममा अपाङ्ग बालबालिकाहरुलाई मात्र नसमेटेर भौगोलिक तथा सांस्कृतिकरुपले पिछडिएका समाजका बालबालिका, मनोवैज्ञानिक असर परेका बालबालिका, बाल श्रमिक, सडक बालबालिका तथा सिकाइमा कठिनाई भएका बालबालिकाहरुलाई समेत समेटेर शिक्षा दिने विद्यालयको अवधारणा रहेको हुन्छ ।

अपाङ्गता भएका वालवालिकाहरुको लागी चाहिने सम्पूर्ण प्रक्रियाहरुको अध्ययन गर्दा के बुझिन्छ भने यो एउटा सर्वव्यापक कार्यक्रम हो । किनभने यसले समाजमा पछौटेपनको एवं हरेक कमजोरीहरुको सामना गरिरहनु परेका बालबालिकाहरुलाई विभेदरहितढंगले शिक्षाको मूलधारमा ल्याउने उद्देश्यलाई अङ्गीकार गरिरहेको छ । यसरी नेपालको सन्दर्भमा पनि विशेष शिक्षाको प्रभावकारीता बढ्दै गएकोले प्रत्येक वर्ष यो शिक्षा लागु हुने विद्यालयको संख्या बढ्दै गएको पाउन सकिन्छ । शिक्षा प्राप्त गर्न सबै मानवको वैयक्तिक अधिकार हो । शिक्षा प्राप्त गर्ने अवसरबाट कसैलाई पनि बञ्चित गरिनु हुन्न । विशेष आवश्यकता भएका बालबालिकाहरुलाई शिक्षा दिने एकिकृत विद्यालयको स्थापना गरी साधारण बालबालिकाहरुसंग राखेर शिक्षा दिन विशेष शिक्षाले सहयोग गर्दछ ।

# परिच्छेद : तीन

## शोध विधि

अपाङ्गता भएका बालबालिकाहरु संलग्न विशेष शिक्षाका अपेक्षा र उपलब्धिकाबीचको सामिप्यता पहिल्याउन, अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षाको वर्तमान अवस्था पहिल्याउन, अपाङ्ग बालबालिकाहरुका सिकाई उपलब्धि, सहभागिता र सक्रियताको स्थिति पहिल्याउन चितवन जिल्लामा अपाङ्ग बालबालिका संलग्न विशेष शिक्षा लागू भएका तीनवटा विद्यालयको अध्ययन गरिएको छ ।

नमूना विद्यालयहरु छनौट गर्नु भन्दा अगाडि जिल्ला शिक्षा कार्यालय चितवनमा सम्पर्क गरियो । त्यहिबाट प्राप्त जानकारी अनुसार अध्ययनको कार्यथलो छनौट गरी योजना बनाइयो । अध्ययनको क्रममा संकलित तथ्याङ्क तथा प्रक्रियालाई निश्चित ढाँचामा तालिकीकरण गरी विश्लेषण गरिएको छ । यसरी विश्लेषणको क्रममा निस्किएका नतिजाहरुलाई निस्कर्षको रुपमा प्रस्तुत गरिएको छ । साथै यस अध्ययनबाट देखिएका समस्याहरुको समाधानार्थ स्पष्ट रुपमा सुझाबहरु समेत उल्लेख गरिएको छ ।

### ३.१. अनुसन्धानात्मक ढाँचा

यस अध्ययनको शीर्षक नयाँ र प्रारम्भिक भएकोले यसको गहन अध्ययनका लागि वर्णानात्मक एवं संख्यात्मक ढाँचा माथि जोड दिइने छ । यस अध्ययनको परिसीमाभित्र अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षा लागू भएका चितवन जिल्लाका ३ वटा विद्यालयलाई मात्र केन्द्रविन्दु बनाइने छ । यसरी मुलतः अध्ययन अनुसन्धानको क्रममा प्राप्त तथ्याङ्कहरुको व्याख्या एवं विश्लेषण वर्णानात्मक रुपमा गरिएको छ ।

## ३.२. जनसख्या र नमूना छनौटः

कुनैपनि समस्याको अध्ययन अनुसन्धान गर्दा समस्याको पुरै अंशको अध्ययन प्रयोगात्मक रुपले गर्न कठिन हुन्छ । यसरी समय, साधन र खर्चको हिसाबले बढी जटिल र अस्वभाविक नहोस् भन्ने उद्देश्यले प्रस्तावित क्षेत्रबाट प्रतिनिधित्व हुने गरी नमूना छनौट गरिएको छ । यस अध्ययनको लागि अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षा लागू भएका चितवन जिल्लाका ३ वटा विद्यालयलाई लिइएको थियो । जुन निम्नानुसार छन् ।

तालिका ३.१ अध्ययनमा संलग्न सस्था र ब्यक्ति

| **क्र.सं.** | **विवरण** | **कुलसंख्या** |
|---|---|---|
| १ | नारायणी उच्च मा.वि., चितवन<br>चितवन मा.वि., चितवन<br>भुवानी प्रा.वि. चितवन | ३ |
| २ | प्रधानाध्यापक | ३ |
| ३ | शिक्षक | ६ |
| ४ | विद्यार्थी | १८ |
| ५ | ऋभिभावक | १० |
| ६ | सम्पर्क व्यक्ति | १ |

तालिका.३.१ अनुसार यस अध्ययनका लागि चितवन जिल्लामा अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षा सञ्चालन गरिरहेका ३ वटा विद्यालयमा आवध्द ३ जना प्रधानाध्यापक, बालबालिकाहरुको पठनपाठनमा पूरा अभिभावकत्व निर्वाह गरिरहेका अभिभावकहरु मध्येबाट आर्थिक स्थिति, सामाजिक स्थिति जातिगत र शैक्षिक पृष्ठभूमिका आधारमा १० जना अभिभावक, जिल्ला शिक्षा कार्यालय विशेष शिक्षासंग

सम्बन्धित सम्पर्क व्यक्ति (Focal Person) १ जना, विशेष कक्षामा प्रत्यक्ष संलग्न स्रोत शिक्षक वा विशेष शिक्षकहरुमध्येबाट लैङ्गिक, तालिमको किसिम र सेवाको किसिमका आधारमा जम्मा ६ जना शिक्षक र प्रत्येक विद्यालयबाट समताको सिदान्तको आधारमा ६/६ जना पर्ने गरि जम्मा १८ जना विद्यार्थी सहित कुल ३८ जनालाई नमुना उत्तरदाताको रुपमा छनौट गरिएको छ ।

## ३.३. अध्ययन साधन निर्माण

कुनैपनि अध्ययन अनुसन्धानको लागि नमूना छनौट गरिसकेपछि अध्ययन शीर्षकको प्रकृति हेरी साधनको निर्माण गर्न आवश्यक हुन्छ । अनुसन्धानलाई पूर्णता दिन वर्णानात्मक तथा संख्यात्मक दुबै प्रकारको साधनबाट उपयुक्त हुने भएकोले यस अध्ययनमा दुबै प्रकारको साधन निर्माण गरी प्रयोग गरिएको छ । तिनिहरु यसप्रकार छन् ।

**क) रुजुसूचीः** अपाङ्गता भएका बालबालिकाहरुको विद्यालय प्रवेशका लाीग र प्रवेश पश्चात अपाङ्ग बालबालिका हो वा होइन भनेर पहिचान गर्ने कुन-कुन आधारहरु अवलम्बन गरिएको छ भनेर पहिल्याउनका लागि रुजुसूची (परिशिष्ट-१) तयार गरि त्यसको माध्यमबाट अपाङ्ग बालबालिकाहरुको पहिचान गर्ने आधारसम्बन्धी तथ्याङ्क र जानकारी संकलन गरिएको थियो ।

**ख) अन्तरवार्ता प्रश्नावलीः** अपाङ्गता भएका बालबालिकाहरु संलग्न विशेष शिक्षाका बारेमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक र सम्पर्क व्यक्ति (Focal Person) का धारणा र प्रतिक्रिया संकलन गर्नको लागि अलग अलग खुला प्रश्नावली ( परिशिष्ट-२ देखि ६) तयार गरि उक्त प्रश्नावलीवाट अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षा पद्दतीको सम्वन्धि प्रभाव प्रतिक्रिया प्राप्त गरिएको थियो ।

**ग) विद्यालय सर्वेक्षण फारामः** यस अध्ययनको पूर्णताको लागि अपाङ्ग बालबालिकाहरु संलग्न विशेष कक्षाहरुमा विद्यार्थीहरुसंग सम्बन्धित विभिन्न विवरणहरु, भौतिक विवरणहरु, मानव संशाधनको विवरण सम्वन्धि यथार्थ तथ्याङ्कहरु पहिल्याउनका लागि विद्यालय सर्वेक्षण फारामको (परिशिष्ट -७ देखि ८) निर्माण गरी प्रयोगमा ल्याइएको थियो ।

**घ) कक्षा अवलोकन फारामः** यस अध्ययनको पूर्णताको लागि अपाङ्ग बालबालिका संलग्न विशेष कक्षा शिक्षणको सम्पूर्ण अवस्था र शैलीको बारेमा अनुसन्धान गरी यथार्थ तथ्याङ्कहरु पहिल्याउनका लागि कक्षा अवलोकन फाराम (परिशिष्ट -९) को निर्माण गरी प्रयोगमा ल्याइएको थियो ।

### ३.४. अध्ययन साधनको परिक्षण

यस अध्ययनका लागि तथ्याङ्क संकलन गर्न आवश्यक विभिन्न किसिमका साधनहरु तयार गर्नको लागि अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षा सम्बन्धी तालिम लिई ज्ञान हाँसिल गरेका सम्पर्क व्यक्ति (Focal Person) र अपाङ्ग बालबालिकाहरु संलग्न विशेष कक्षाहरुमा अध्ययन गर्ने ३ जना शिक्षकहरुलाई उपलब्ध गराई उनीहरुको पृष्ठपोषण र सम्बन्धित शोध निर्देशकको सुझावका आधारमा आवश्यक सुधार गरिएको थियो ।

### ३.५. तथ्याङ्कको स्रोत र प्रकृति

यस अध्ययनको लागि आवश्यक तथ्याङ्कहरुको संकलन गर्नको लागि प्राथमिक स्रोतका रुपमा स्थलगत सर्वेक्षण नै प्रमुख थियो । त्यसमा नमुना छनौटमा रहेका विद्यालयका प्रधानाध्यापकहरु, शिक्षकहरु, विद्यार्थीहरु, अभिभावकहरु र सम्पर्क व्यक्ति जस्ता व्यक्तिहरु रहेका छन् । अर्को तर्फ द्वितीय तथ्याङ्कको स्रोतको रुपमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, त्रि.वि.शिक्षा विकास तथा अनुसन्धान

केन्द्र, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि. केन्द्रीय पुस्तकालय र संघसंस्थाहरुबाट प्राप्त तथ्याङ्कहरु रहेका छन्

## ३.६. तथ्याङ्कको संकलन प्रक्रिया

यस अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्कहरुको संकलन गर्न निर्माण गरिएका विभिन्न प्रकारका साधनहरुको आधारमा चितवन जिल्लाभित्रका अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षा लागू भएका तीनवटा विद्यालय अनुसन्धानकर्ता स्वयं उपस्थित भएर तथ्याङ्क संकलन गरिएको थियो ।

तथ्याङ्क संकलनका लागि प्रत्येक विद्यालयका प्रधानाध्यापकसंग अपाङ्ग बालबालिकाहरु सम्बन्धमा छलफलगरी प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक र सम्पर्क व्यक्तिको लागि तयार गरिएको रुजुसूची, अन्तर्वार्ता प्रश्नावली तथा विद्यालय सर्वेक्षण फाराम र त्यसमा उल्लेखित निर्देशन बमोजिम कार्य पुरा गरिएको थियो ।

## ३.७. तथ्याङ्कको व्याख्या तथा विश्लेषण:

तथ्याङ्कहरू विश्लेषण गर्दा वर्णानात्मक एवं संख्यात्मक ढाँचा माथि जोड दिइएको छ । तथ्याङ्कहरू साधारण तथ्याङ्कीय पद्धति, प्रतिशत र औसतमा देखाइएको छ र तथ्याङ्कहरू सङ्कलन गर्दा उमेरगत, तथा अन्य रूपमा समेत वर्गीकृत गरिएको छ । तथ्याङ्कहरूलाई अर्थपद स्पष्ट विश्लेषणयुक्त बनाउन तथ्याङ्क काटछाट गरिएको छ् । केही तथ्याङ्कहरूलाई तालिकामा समेत राखिएको छ । अपर्याप्तता भएमा पर्याप्तता गर्दै मूल्याङ्कन गरीएको छ । तथ्याङ्कको विशेषता अनुरूप एकत्रित गरी तालिका गरिएको छ । रुजुसूची ( परिशिष्ट-१) को माध्यमबाट अपाङ्ग बालबालिकाहरुको पहिचान गर्ने आधारसम्बन्धी तथ्याङ्क र जानकारी संकलन गरिएको छ । अन्तरवार्ता प्रश्नावली अपाङ्ग बालबालिकाहरु संलग्न विशेष शिक्षा पद्दतीको प्रभाव बुझ्नको लागि निर्माण गरी सम्बन्धित व्यक्तिसंग अन्तरवार्ता लिइएको थियो । त्यसबाट प्राप्त प्रतिक्रियाको

आधारमा विश्लेषण गरी प्रस्तुत गरिएको छ । अध्ययनको पूर्णताको लागि अपाङ्ग बालबालिका संलग्न विशेष कक्षा शिक्षणको सम्पूर्ण अवस्था र शैलीको बारेमा अनुसन्धान गरी यथार्थ तथ्याङ्कहरु पहिल्याउनका लागि कक्षा अवलोकन फारामको निर्माण गरी प्रयोगमा ल्याइएको छ । त्यसबाट प्राप्त सबै तथ्याङ्कहरूलाई वर्णानात्मक एवं संख्यात्मक ढाँचामा व्याख्या तथा विश्लेषण गरिएको छ ।

## परिच्छेद : चार

## तथ्याङ्कहरुको विश्लेषण र विवेचना

चितवन जिल्लामा सञ्चालित अपाङ्गता भएका बालबालिका संलग्न विशेष शिक्षाका अपेक्षा र उपलब्धी नामक शीर्षकमा शोधपत्र तयार पार्नको लागि छनौट गरिएका जिल्ला भित्रका विद्यालयहरुबाट सही तथ्याङ्क प्राप्त गर्न विभिन्न साधनहरुको निर्माण गरिएको थिथो । उक्त साधनहरुको सहायताबाट तथ्याङ्क संकलन गरी प्राप्त तथ्याङ्कहरुलाई वर्णनात्मक रुपमा तालिकीकरण गरी तलका अनुच्छेदहरुमा तथ्याङ्कको विश्लेषण गरिएको छ ।

### ४.१. अपाङ्गता भएका बालबालिकाहरुको विद्यालय शिक्षा प्रतिको अपेक्षा

अपाङ्गता भएका बालबालिकाहरुको विद्यालय शिक्षा प्रतिको अपेक्षा पुरा गर्न निम्न अनुसारको उप शिर्षक राखी व्याख्या गरिएको छ ।

### ४.१.१ अपाङ्गता भएका बालबालिकाहरुको विद्यालय प्रवेशका आधारहरु

चितवन जिल्लामा विशेष आवश्यकता शिक्षा अन्तर्गत शिक्षा विभागले सञ्चालन गरेको अपाङ्गता भएका  बालबालिकाहरु सहितको विशेष शिक्षाका बारेमा अध्ययन गर्न प्रस्तुत अध्ययनले मुख्य गरी तीनवटा विद्यालयलाई आफ्नो अध्ययनको केन्द्रविन्दु मानिएको थियो । संकलित तथ्याङ्कको आधारमा यि विद्यालयहरुले ५ वर्ष देखि १५ वर्षसम्मका बालबालिकाहरुको भर्ना लिने गरेको देखिन्छ । एकवर्षको समयसम्म पनि कुनै बालबालिकामा केही सुधार नभएको खण्डमा त्यहाँबाट निकालिने व्यवस्था रहेछ । अपाङ्गता भएका बालबालिकाहरु चितवन जिल्लाका मात्र नभएर अन्य छिमेकी जिल्लाहरु मकानपुर, धादिङ, नवलपरासी, बारा, पर्सा, समेतका अध्ययनरत रहेको

पाइन्छ । यि विद्यालयहरुमा विद्यार्थीहरु भर्नाको लागि विद्यालय प्रशासनले के कस्तो मापदण्डको अथवा आधारहरुको प्रयोग गरेका छन् भन्ने तथ्य पहिल्याउनको लागि एक रुजुसूची निर्माण गरिएको थियो । यो रुजुसूची शिक्षा विभागको अपाङ्ग बालबालिकाहरुको पहिचान गर्न प्रयोगमा ल्याइने मापदण्डमा आधारित थियो । उक्त रुजुसूचीको माध्यमद्वारा प्राप्त प्रतिक्रियाहरुको विश्लेषण र विवेचना निम्न शीर्षकहरुमा विभाजन गरी प्रस्तुत गरिएको छ । (रुजुसूची परिशिष्ट १ मा दिइएको छ ) ।

**क) अपाङ्गता भएका बालबालिका पहिचान गर्न अवलम्बन गरिका आधारहरु**

- आफ्नो कपडा आफै लगाउन सक्छ/सक्दैन,
- बोली स्पष्ट छ/छैन,
- स्मरण शक्तिमा ढिलाई छ/छैन,
- आफूलाई चाहिने आवश्यक वस्तु माग्छ/माग्दैन,
- भाषा व्यक्त गर्ने ढंगमा कमजोरी छ/छैन,
- सामान्य बालबालिकाको तुलनामा कामको तालमेलमा २-५ वर्षको ढिलाई छ/छैन,
- कम उमेरका व्यक्तिसंग खेल्न रुचाउँछ/रुचाउँदैन,
- उग्र तथा विनाशक वानी व्यहोरा छ/छैन,
- बौद्धिक कामको प्राप्तीमा छ वर्षमा हुने कुरा १२/१५ वर्ष हुँदा हुने गर्छ,
- घरपरिवारको वातावरणको महसुस गर्न सक्छ/सक्दैन ।

माथि उल्लेखित दशवटा आधारहरु तीनवटै विद्यालयहरुले बालबालिकाहरुलाई भर्ना गर्न अबलम्बन गर्ने गरेका प्रतिक्रिया पाइयो । भर्नाका लागि अपाङ्गता पहिचानका यी आधारहरु वास्तवमा आधारभूत तहका छन् ।

**ख)	अपाङ्गताको अवस्था हेरी विद्यार्थी भर्ना गर्दा अवलम्बन गर्ने गरेका आधारहरु**

- **सुस्त मनस्थिति भएका बालबालिकाको सम्बन्धमा,**
  - कुनै विषयमा ध्यानकेन्द्रीत गर्न सक्छ/सक्दैन,
  - टोलाउने गर्छ/गर्दैन,
  - कुनै कुरा ढिलो बुझ्ने, चाँडै बिर्सने गर्छ/गर्दैन,
  - अकस्मात हर्ष र रोदन प्रकट गर्छ/गर्दैन,
  - पढ्दापढ्दै अल्मलिन्छ/अल्मलिदैंन,
  - किताब अथवा हेर्न लागेको वस्तुलाई नजिकै लिन्छ/लिदैंन ।
- **सुस्त श्रवण तथा बहिरा बालबालिकाहरुको सम्बन्धमा**
  - तीन फिटको दूरीबाट कुराकानी सुन्छ/सुन्दैन,
  - कान ठाडो पारेर सुन्ने कोशिस गर्छ/गर्दैन,
  - दायाँबायाँबाट आएको आवाजप्रति प्रतिक्रिया जनाउँछ/जनाउँदैन,
  - सोधेको कुराको ठीक जवाफ दिन्छ/दिदैंन,
  - निर्देशनमा अल्मलिन्छ/अल्मलिदैंन ।
- **शारीरिक रुपमा अपाङ्ग बालबालिकाहरुको सम्बन्धमा**
  - शरीरका अंगहरु लल्याकलुलुक भएको छ/छैन,
  - हिंड्न, डुल्न सक्छ/सक्दैन,
  - मांशपेशीमा संकुचन भएको छ/छैन,
  - शरीरका पूरा अङ्गहरु छन्/छैनन्,
  - पाइला चाल्दा एकातिर ढल्किन्छ/ढल्किदैंन,
  - हातमा बस्तु राखी उठाउन सक्छ/सक्दैन ।

**विद्यालयले अबलम्बन नगरेका आधारहरु**

**सुस्तमनस्थितिसंग सम्बन्धित**

- सानोसानो काम पनि गर्न सक्छ/सक्दैन,
- आफू गएको ठाउँको बारेमा बताउन सक्छ/सक्दैन,
- सामान्य पाठको बारेमा सम्भिmन बुझ्न कठिनाई हुन्छ/हुँदैन,

**दृष्टिविहीनसंग सम्बन्धित**

- नजिक टाढाका वस्तुहरु देख्न सक्छ/सक्दैन,

**सुस्त श्रवण/बहिरासंग सम्बन्धित**

- सुनाइमा ध्यान दिन्छ/दिदैंन,
- बारम्बार कान दुख्छ/दुख्दैन,

**शारीरिक अपाङ्गतासंग सम्बन्धित**

- एउटै वा दुबै खुट्टाहरु भित्र वा पछाडिपट्टी फर्केका छन्/छैनन् ।

समग्रमा विश्लेषण गर्दा विद्यार्थी भर्नाको लागि निर्धारित सबै मापदण्डहरुलाई विद्यालयहरुले पूर्णरुपमा अवलम्बन गरेको नपाइएता पनि धेरै आधारहरु प्रयोग गरेको देखियो ।

### ४.१.२. विषेश शिक्षाप्रति अभिभावकहरुको धारणा

बालबालिकाहरुको पहिलो पाठशाला घर हो भन्ने मान्यता अनुसार उनीहरुको विकासमा अभिभावकहरुको मुख्य भूमिका रहेको हुन्छ । त्यसमा पनि अपाङ्ग बालबालिकाहरुको लागि त झन् अभिभावकहरु नै सर्वेसर्वा देखिन्छन् । यसर्थ यस्ता बालबालिकाहरुका अभिभावकहरुको आफ्ना बच्चाहरुप्रति र उनीहरु अध्ययन गर्ने विद्यालयप्रति कस्तो धारणा र प्रतिक्रिया छ भनेर जान्ने आवश्यकता देखिएकोले

अभिभावकहरुबाट प्राप्त प्रतिक्रियालाई यहाँ विश्लेषण गरिएको छ । अन्तर्वार्तामा सहभागी अभिभावकहरुको नामावली परिशिष्ट १० मा उल्लेख गरिएको छ भने प्रश्नावली परिशिष्ट २ को (ख) मा राखिएको छ ।

अपाङ्गता भएका बालबालिकाहरुलाई कस्तो रुपमा लिनुहुन्छ भनेर सोधिएको प्रश्नमा ७ जना अभिभावकले यसलाई कुनै खरावीको कारण आउने अवस्था हो भन्ने राय व्यक्त गरे भने अन्य तीन जनाले यसलाई दुबैको खेल तथा भाग्यको फल हो भन्ने राय दिए । उपरोक्त भनाइबाट अपाङ्ग बालबालिकाहरुका सम्बन्धमा केही अभिभावकहरुको धारणा अझै पनि स्पष्ट नभएको पाइयो ।

आफ्नो बच्चालाई पढाउनको लागि कसैसंग सल्लाह सुझाब लिनु भएको थियो कि भन्ने प्रश्नमा सल्लाह सुझाव कसैसंग नलिएको तर अपाङ्ग बालबालिकाहरुलाई लेखाउने पढाउने व्यवस्था भैसकेपछि सम्बन्धित शिक्षक र प्रधानाध्यापकहरुले बच्चालाई पढ्न पठाउन अनुरोध गरेपछि आफ्ना बच्चाहरुलाई पढ्न पठाएको राय दशैजना अभिभावकहरुले व्यक्त गरे । यसरी अभिभावकसंग सोधिएका अन्य अन्तर्वार्ता प्रश्नावलीका आधारमा उनीहरुबाट प्राप्त प्रतिक्रियाहरुको विश्लेषण निम्न अनुसार गरिएको छः

- अभिभावकहरु आफ्ना अपाङ्ग बालबालिका संलग्न विशेष शिक्षाको कार्यक्रम अनुसार गृह भेटघाट, बैठक र गोष्ठीमा सहभागि हुने गरेको पाइयो,
- बालबालिकाहरुको शारीरिक, मानसिक र सामाजिक व्यवहारमा तुलनात्मकरुपमा सुधार आएको देखिन्छ ।
- बालबालिकाहरुले आफ्ना साथीहरुसंग लेख्न, संगै मिलेर बस्न, मित्रताको भावना राख्न र अरुलाई आदर गर्न रुची राखेको,
- बालबालिकाहरु सामाजिकीकरण, साधारण लेखपढ गर्न, दैनिक कार्य गर्न, व्यवसायिक सीप हाँसिल गर्न सफल भएका,

- विद्यालयले बालबालिकाहरुको आधारभूत पक्षको मात्र सुधार गरेको र उनीहरुलाई आत्मनिर्भर बनाउनसक्ने खालको स्वावलम्बी सीप र तालिम प्रदान नगरेको,
- विशेष शिक्षाप्रति समाजमा जानकारी पाएका व्यक्तिहरु सकारात्मक भएको तर धेरै व्यक्तिहरुलाई जानकारी हुन नसकेको,
- विशेष शिक्षाको अवधारणा अनुसार सरकारले लगानी गर्न नसकेको तथा विद्यालयलेपनि आवश्यक व्यवस्थापन गर्न नसकेको,
- अपाङ्गता भएका बालबालिकाहरुलाई आत्मनिर्भर बनाउने जिम्मेवारी सरकार, संघसंस्था, समाज, विद्यालय घरपरिवार सबैको भएको,
- सबै अपाङ्गता भएका बालबालिकाहरु शिक्षामा सहभागि हुन नसकेको र कतिपय सहभागी भैरहेका बालबालिकाहरुको विकासमा खासै परिवर्तन नदेखिएको,

### ४.१.३. विषेश शिक्षाप्रति शिक्षकहरुको धारणा

अपाङ्गता भएका बालबालिकाहरुलाई दिइने शिक्षा पनि साधारण विद्यार्थीहरुसँगै दिइने हुँदा उनीहरुलाई चाहिने थप वा अतिरिक्त सहयोगको यथार्थतालाई आत्मसात गरी सञ्चालन गरिएका विद्यालयहरुले समाजमा के कस्तो सन्देश प्रवाह गरेका छन्, तिनीहरुले बालबालिकाको व्यक्तिगत र सामाजिक जीवनमा के कस्तो सहयोग पुऱ्याएका छन्, भन्ने थाहा पाउन ति विद्यालयमा अध्यापनरत शिक्षकहरुलाई सोधिएका प्रश्नावलीहरुमा प्राप्त प्रतिक्रियाहरुको विश्लेषण गरिएको छ । अन्तर्वार्तामा सहभागी शिक्षकहरुको नामावली परिशिष्ट ११ मा उल्लेख गरिएको छ भने प्रश्नावली परिशिष्ट ३ मा उल्लेख गरिएको छ ।

- कम्तिमा ४ वर्षदेखि बढीमा १६ वर्ष सम्मको शिक्षण अनुभव भएका शिक्षकहरुको अनुभवमा विविधता देखिएको छ ।
- अपाङ्गता भएका बालबालिका जन्मिन र अपाङ्ग हुनुका पछाडि गर्भाधारणमा हुने कमजोरी, जन्मिदा हुने कमजोरी, व्यक्तिगत कारण, बुवाआमाबाट बालबालिकाहरुको संरक्षणको अभाव, उपचारको अभाव, खाद्यान्न तथा पौष्टिकताको अभावजस्ता कारणहरु जिम्मेवार रहेको पाइयो,
- अपाङ्गता भएका बालबालिकाहरुलाई मानव भएर बाँच्नसक्ने तुल्याउन आवश्यक शिक्षा प्रदान गर्न सम्भव भएको देखिएतापनि सम्बद्ध पक्ष जस्तै सरकार, संघसंस्था, समाज, विद्यालय र घरपरिवार आआफ्नो भूमिकामा कम प्रतिवद्ध भएको पाइयो,
- बालबालिकाहरुको पठनपाठन प्रतिभन्दा पनि समूहमा आवद्ध भएर खेल खेल्ने, कतिपय एक्लै खेल्न मन पराउने, भैरहेको क्रियाकलापमा आफू सहभागी हुन पाए त्यसलाई रुचाउने आदि अवस्थाबाट उनीहरुको सिकाइमा विविधता देखिएको छ,
- विद्यालयको हरेक कार्यक्रम तथा शिक्षण सिकाई प्रक्रियाद्वारा बालबालिकाको सामाजिक, संवेगात्मक, शारीरिक, स्वावलम्बी बानी, व्यहोरा, सीप, भाषा, सञ्चार र बौद्धिक विकासमा जोडदिने गरेको पाइयो,
- विशेष शिक्षाको अवधारणा अपाङ्ग बालबालिकाहरुको आवश्यकता अनुकूल भएतापनि पठनपाठनका निमित्त उपयुक्त र प्रर्याप्त शैक्षिक सामग्रीहरु तथा उपकरणहरु अभाव हुने गरेको पाइयो,
- विद्यालयले पटक-पटक गृहभेटघाट, बैठक, छलफल जस्ता क्रियाकलापहरु सञ्चालन गरी अपाङ्ग बालबालिकाहरुप्रति समाजको हेराई तथा दृष्टिकोणलाई सकारात्मक बनाउन प्रयासरत रहेको देखियो,

- बालबालिकाहरुमा आ-आफ्नो शारीरिक, मानसिक, संवेगात्मक अवस्था अनुसार पठनपाठन क्रममा राम्ररी देख्न नसक्ने, उठ्न नसक्ने, सुन्न नसक्ने, बोल्न नसक्ने समस्याहरु देखिने भएतापनि अलि बढी समय लगाएर तथा लामो प्रक्रियाको माध्यमद्वारा उनीहरुलाई सिकाउन प्रयास गरेको देखियो,
- विशेष शिक्षाको सुधार तथा विकासको लागि अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउने लक्ष्य भएतापनि वास्तविकतामा हेर्ने हो भने माथिल्ला निकायहरुबाट अनुगमन तथा मूल्याङ्कन नभइरहेको र पूर्णरुपमा शिक्षकको इमान्दारिता र पेशागत भूमिकामा मात्र शैक्षणिक क्रियाकलाप अडेको पाइयो,
- विशेष शिक्षाको विकासका लागि शिक्षक तालिमलाई अनिवार्य र नियमित बनाइएकोले तालिमको अभावमा अपाङ्गता भएका बालबालिकाहरुलाई सिकाउन कठिन भएको पाइयो,
- अपाङ्गता भएका बालबालिकाहरुले छात्रवृत्तिको सुबिधा पाउनुको साथसाथै समाज, विद्यालय र साथीसंगीहरुबाट मानवीय सहयोग, हौंसला प्राप्त गर्ने वातावरण भएमा तथा सहयोगी सेवामा आधारित सिकाइका सुबिधाहरु प्राप्त गरेमा विद्यालयमा उनीहरुको सहभागिता बढ्ने र उनीहरु आत्मनिर्भर नागरिकको रुपमा स्थापित हुनसक्ने सम्भावना देखिएको तर यि सबैखाले सुबिधाहरु र अवसरहरुको अपर्याप्तता रहेको पाइयो ।

### ४.१.४. विशेष शिक्षाप्रति प्रधानाध्यापकहरुको धारणा

अपाङ्गता भएका बालबालिकाहरुलाई समग्ररुपमा आत्मनिर्भर बनाउन विद्यालयको प्रशासनिक दायित्व वहन गरिरहेका प्रधानाध्यापकहरुको पनि महत्वपूर्ण भूमिका हुन्छ । मूख्यरुपमा शारीरिक, मानसिक र संवेगात्मकरुपमा विभिन्न कठिनाई भोगिरहेको अपाङ्ग बालबालिकाहरुका आवश्यकताहरुलाई मध्ये नजर गरी जीवन्त शिक्षण सिकाई

प्रक्रियाका लागि विभिन्न किसिमका कार्ययोजनाहरु बनाई उनीहरुको व्यक्तित्व विकासमा योगदान पुऱ्याउन प्र.अ.ले महत्वपूर्ण भूमिका खेल्न सक्दछन् । यसै सिलसिलामा यो कार्यक्रम सञ्चालन भैरहेका विद्यालयका प्रधानाध्यापकहरुलाई सोधिएका प्रश्नावलीहरुको प्रतिक्रियाहरुको विश्लेषण निम्नअनुसार गरिएको छ । अन्तर्वार्तामा सहभागी प्रधानाध्यापकहरुको नामावली परिशिष्ट १२ मा उल्लेख गरिएको छ भने प्रश्नावली परिशिष्ट ४ मा दिइएको छ ।

- विशेष आवश्यकता शिक्षा कार्यक्रम अन्तर्गत शिक्षा विभागद्वारा अपाङ्ग बालबालिकाहरुको लागि स्रोतकक्षाहरु वि.सं. २०५७ देखि सञ्चालन हुँदै आएकोमा प्र.अ.को भूमिकाको किटान स्पष्ट नभएको पाइयो,
- विद्यालय व्यवस्थापन, प्रशासनिक, व्यवस्थापकीय तथा शैक्षिक दृष्टिकोणले अपाङ्ग बालबालिकाहरुका निमित्त सहज हुने खालको वातावरण निर्माण गर्न सक्रिय रहेको र भौतिक व्यवस्थापन र शैक्षिक सामग्रीहरुको पनि यथोचित व्यवस्था गरी अपाङ्ग बालबालिकाहरुको सहभागिता बढाउन प्रयासरत रहेको।
- विशेष शिक्षाको विकासमा शिक्षा विभाग, Danida लगायत अन्य संघसंस्थाहरुले सहयोग पुऱ्याइरहेका हुँदा विशेष कक्षाहरुको सञ्चालनका लागि स्रोतहरुको आधारभूत रुपमा व्यवस्थापन गर्न सकिएको।
- हालसम्म १० देखि २८ जना अपाङ्ग बालबालिकाहरु सहभागि भइरहेको स्थितिमा आउँदा शैक्षिक सत्रहरुमा विद्यार्थीहरुको भर्ना बढाउन समुदायका व्यक्तिहरुलाई बालबालिका संलग्न विशेष शिक्षाका बारेमा आवश्यक जानकारी गराउन विभिन्न चेतनामुलक कार्यक्रमहरुको सञ्चालन कमै भएको पाइयो।
- विशेष शिक्षाको सञ्चालनबाट विभिन्न समस्याबाट पिल्सिएका बालबालिकाहरुलाई आत्मनिर्भर नागरिकको रुपमा स्थापित गर्ने र समुन्नत समाजको निर्माण गर्न सकिने प्रशस्त सम्भावना भएको पाइयो।

- विशेष शिक्षामा सहभागी सबै बालबालिकाहरु सिकाई कार्यमा सफल नभएको स्थिति भएपनि केही बालबालिकाहरु प्राथमिक तह उत्तीर्ण गरी माथिल्लो तहमा पढिरहेका र जीवन निर्वाह गर्ने हेतुले व्यवसायिक रुपमा पनि सक्षम भएको पाइयो ।

### ४.१.५. विशेष शिक्षाप्रति जिल्ला शिक्षा शाखाका सम्पर्क व्यक्तिको धारणा

विशेष शिक्षाको विकास तथा विस्तारका सम्बन्धमा राज्यले निर्दिष्ट गरेका नीतिगत अवधारणाहरु र ति अवधारणाहरु अनुसार स्थानीय तहमा विद्यालय सञ्चालन मद्दत गर्ने मुख्य सम्पर्क सुत्रको रुपमा जिल्ला शिक्षा कार्यालयमा विशेष शिक्षा हेर्ने सम्पर्क व्यक्तिको महत्वपूर्ण भूमिका हुने गर्दछ । केन्द्रीयस्तरका नीति निर्देशनहरुलाई स्थानीय तहसम्म पुर्‍याउने स्थानीय तहका समस्याहरु र विशेष शिक्षा सञ्चालनका वास्तविक परिणामहरुसंग सम्बन्धित तथ्याङ्कहरुलाई केन्द्रीय तहमा पुर्‍याउने काम सम्पर्क व्यक्तिले गर्दछ । तसर्थ यसै सिलसिलामा विशेष शिक्षाका सम्बन्धमा सम्पर्क व्यक्ति (Focal Person) संग सोधिएका प्रश्नावलीहरुको प्रतिक्रियाहरुको विश्लेषण निम्नानुसार गरिएको छ । अन्तर्वार्तामा सहभागी सम्पर्क व्यक्तिको नाम परिशिष्ट १३ ४ मा उल्लेख गरिएको छ भने प्रश्नावली परिशिष्ट ५ मा दिइएको छ ।

- विशेष शिक्षा हाल यस जिल्लाका ५ वटा विद्यालयमा सञ्चालन गरिएको र विद्यार्थी संख्यामा खासै बृद्धि हुन नसकेको कारणबाट यस शिक्षाको महत्व र सान्दर्भिकतालाई बढाउने जिल्ला शिक्षा शाखाको पहलमा प्रचारप्रसार, छलफल, वैठक, गोष्ठी जस्ता कार्यक्रमहरु सञ्चालन गरी आगामी शैक्षिक सत्रमा भौगोलिक विकटता र दूरीलाई हेरी अन्य विद्यालयहरुमा पनि यो कार्यक्रम लागु गर्ने लक्ष्य विशेष शिक्षाको रहेको पाइयो।
- विशेष शिक्षाको प्रभावकारी सञ्चालनका लागि शिक्षण सामग्री, उपकरण तथा शिक्षक तालिममा जोड दिइएको भएतापनि कक्षा शिक्षकको आवश्यकता

अनुसार साधन स्रोतको अभाव तथा पर्याप्त वैकल्पिक शिक्षकको अभाव भएकाले पर्याप्त मात्रामा शैक्षिक, सामग्री, उपकरण तथा शिक्षक तालिमको व्यवस्था गर्न नसकिएको।

- हालसम्म विशेष शिक्षा सञ्चालनमा शिक्षा विभाग, Danida तथा अन्य स्थानीय गैरसरकारी संस्थाहरुले सहयोग पुऱ्याइरहेको देखियो।
- विशेष कक्षाहरुको मूल्याङ्कन, शिक्षक विद्यार्थीका आवश्यकताहरुको पहिचान र उनीहरुको शिक्षण सिकाई प्रक्रियामा देखा परेको दक्षता, अनुभव तथा उपलब्धीको आधारमा विद्यालयका क्रियाकलापहरुको लेखाजोखा गर्ने गरिएको पाइयो ।

### ४.१.६. अपाङ्गता भएका बालबालिकाहरुका धारणा र प्रतिक्रियाहरु

विशेष शिक्षाले मूख्य गरी अपाङ्ग बालबालिकाका आवश्यकता अनुसारको शैक्षिक वातावरण निर्माण गरी समाजमा उनीहरुलाई अरु बालबालिकाहरु सरह आत्मनिर्भर नागरिकको रुपमा स्थापित गर्न सहयोग गर्दछ । यसै सन्दर्भमा अपाङ्ग बालबालिकाहरुका लागि विशेष शिक्षाको सञ्चालन भैरहेको स्थितिमा स्वयं ति बालबालिकाहरुसंग उनीहरुले प्राप्त गरिरहेको शिक्षाका सम्बन्धमा, घरपरिवार, विद्यालय र साथीसंगीहरुले गर्ने व्यवहारका सम्बन्धमा सोधिएका प्रश्नावलीहरुबाट प्राप्त प्रतिक्रियाहरुको विश्लेषण निम्नानुसार गरिएको छ । अन्तर्वार्तामा सहभागी विद्यार्थीहरुको नामावली परिशिष्ट १४ मा उल्लेख गरिएको छ भने प्रश्नावली परिशिष्ट ६ मा दिइएको छ ।

- अपाङ्गता भएका बालबालिकाहरुको उमेर ६ वर्ष देखि १८ वर्ष सम्म रहेको र ति बालबालिकाहरु कक्षा १ देखि ५ कक्षासम्म पढिरहेको स्थिति भएको पाइयो ।
- अधिकांश बालबालिकाहरुको घर विद्यालयबाट धेरै टाढा रहेको पाइयो ।

- कतिपय बालबालिकाहरुको घरमा भाइबहिनी भएको तथा बुवाआमा नभएको र कतिपय बालबालिकाहरुको घरमा बुवाआमा तथा भाइबहिनी पनि रहेको पाइयो ।
- पढाइलेखाईमा घरपरिवारले कम ध्यान दिएको र आफूलाई बोझको रुपमा लिएको प्रतिक्रिया पाइयो।
- समाज र साथीसंगीहरुले छलफल तथा संगै मिलेर गर्नुपर्ने कार्यहरुमा वेवास्ता गर्ने गरेको पाइयो ।
- शिक्षकले गर्ने व्यवहार सन्तोषजनक भएतापनि उनीहरुले गर्ने शिक्षण क्रियाकलापहरु पूर्ण रुपमा बुझ्न कठिन भएको पाइयो ।
- लेखाइपढाईको माध्यमद्वारा सीपहरु सिक्न बढी समय लाग्ने गरेको पाइयो ।
- अधिकांश बालबालिकाहरुमा उच्च तह अध्ययन गर्ने रुची रहेको र भावी
- जीवन सहज हुने कुरा प्रति विश्वस्त रहेको अवस्था पाइयो ।

## ४.२ अपाङ्गगता भएका बालबालिकाको शैक्षीक उपलब्धिको लेखाजोखा गर्ने।

अपाङ्गगता भएका बालबालिकाको शैक्षीक उपलब्धिको लेखाजोखा गर्ने उदेश्य परा गर्नको लागि निम्न अनसारका उपशिर्षकहरु राखेर विषलेषण गरिएको छ ।

### ४.२.१ विद्यालयमा मानव संशाधन व्यवस्थापनको अवस्था

कुनैपनि शैक्षिक संस्थाको सर्वपक्षीय विक ास त्यहाँ काम गर्ने शिक्षकहरुको पेशागत दक्षतामा निर्भर हुन्छ । यसरी शिक्षक पेशागत रुपमा दक्ष बन्न योग्यता, अनुभव, तालिम प्राप्त हुनुको साथसाथै सेवाप्रति इमान्दार र प्रतिवद्ध पनि हुनुपर्दछ । यसै सिलसिलामा विद्यालय सर्वेक्षण फारामको माध्यमद्वारा नमूना विद्यालयको मानव संशाधनको अवस्थाका बारेमा संकलित तथ्याङ्कहरुको विश्लेषण गरिएको छ ।

प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा नारायणी उच्च मा.वि. को प्रा.वि. तहमा जम्मा शिक्षक संख्या १३ जना मध्ये ९ जना महिला र ४ जना पुरुष शिक्षक कार्यरत रहेको पाइयो । ति मध्ये १० जना स्थायी, २ जना अस्थायी र २ जना निजि शिक्षकको रुपमा अध्यापनरत पाइए । त्यसैगरी १० जना शिक्षक साधारण शिक्षामा तालिम प्राप्त र २ जना शिक्षक आंशिक रुपमा तालिम प्राप्त छन् भने विशेष शिक्षामा तालिम प्राप्त शिक्षक २ जना मात्र छन्। यस अवस्थालाई हेर्दा विशेष शिक्षामा तालिम प्राप्त शिक्षकको संख्या कम देखिन्छ।

प्राप्त तथ्याङ्कलाई हेर्दा चितवन मा.वि. को प्रा.वि. तहमा जम्मा शिक्षक संख्या १० जना मध्ये ७ जना पुरुष र ३ जना महिला शिक्षक कार्यरत रहेको पाइयो । ति मध्ये ५ जना स्थायी, ३ अस्थायी र २ जना निजि शिक्षकको रुपमा अध्यापनरत रहेको पाइयो । त्यसैगरी ५ जना शिक्षक साधारण शिक्षामा तालिम प्राप्त, ३ जना शिक्षक आंशिक रुपमा तालिम प्राप्त, २ जना शिक्षक तालिम अप्राप्त र २ जना शिक्षक विशेष शिक्षामा

तालिम प्राप्त छन् । यस अवस्थालाई हेर्दा केबल २०% शिक्षक मात्र विशेष शिक्षामा तालिम प्राप्त रहेकाछन् ।

झुवानी प्रा.वि. को प्रा.वि. तहमा जम्मा शिक्षक ७ जना मध्ये ६ जना पुरुष र १ जना महिला शिक्षक कार्यरत रहेको पाइयो । ति मध्ये ४ जना स्थायी, २ जना अस्थायी र १ जना निजी शिक्षकको रुपमा अध्यापनरत रहेको पाइयो । त्यसैगरी ५ जना शिक्षक साधारण शिक्षामा तालिम प्राप्त, १ जना आंशिक रुपमा तालिम प्राप्त, १ जना तालिम अप्राप्त र २ जना विशेष शिक्षामा तालिम प्राप्त छन् । यस अवस्थालाई हेर्दा ४२.८५% शिक्षक मात्र विशेष शिक्षामा तालिम प्राप्त रहेकाछन् । मानव संसाधन सम्बन्धि विवरण परिशिष्ट ४ को तालिका नं. ६,७ र ८ मा दिइएको छ ।

### ४.२.२ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विवरण

अपाङ्गता भएका बालबालिका संलग्न विशेष शिक्षा लागु भएका तलका तीनवटा विद्यालयहरुमा अन्य बालबालिकाहरु र अपाङ्ग बालबालिकाहरुको संख्यालाई परिशिष्ट १६ मा दिइएको छ ।

नारायणी उ.मा.वि.को प्रा.वि.तहमा अध्ययनरत विद्यार्थीहरुको जम्मा संख्याको केवल ५.४०% विद्यार्थी मात्र अपाङ्ग बालबालिकाहरु रहेको पाइयो । सबभन्दा बढी अपाङ्ग बालबालिकाहरुको संख्या कक्षा ४ मा १.३५% देखियो भने बाँकी कक्षा १,२,३ र ५ मा समान संख्या अर्थात १.०१% मात्र विद्यार्थीहरु अध्ययनरत रहेको पाइयो । यसरी हेर्दा अन्य बालबालिकाहरुको तुलनामा अपाङ्ग बालबालिकाहरुको संख्या अत्यन्तै कम देखिन्छ ।

चितवन मा.वि.को प्रा.वि.तहमा अध्ययनरत विद्यार्थीहरुको जम्मा संख्याको केवल ९.०२% विद्यार्थी मात्र अपाङ्ग बालबालिकाहरु रहेको पाइयो । सबभन्दा बढी अपाङ्ग बालबालिकाहरुको संख्या कक्षा ५ मा ३.००% देखियो भने सबभन्दा कम कक्षा २ र ३

मा समान संख्या अर्थात १.१२% मात्र अपाङ्ग विद्यार्थीहरु अध्ययनरत रहेको पाइयो । त्यस्तै कक्षा १ मा २.५५% र कक्षा ४ मा १.५०% विद्यार्थीहरु अध्ययनरत रहेको पाइयो । यस विद्यालयमा अपाङ्ग बालबालिकाहरुको संख्या खासै बढ्न सकेको देखिदैंन ।

झुवानी प्रा.वि.को प्रा.वि.तहमा अध्ययनरत विद्यार्थीहरुको जम्मा संख्याको केबल ४.४४% विद्यार्थी मात्र अपाङ्ग बालबालिकाहरु रहेको पाइयो । सबभन्दा बढी अपाङ्ग बालबालिकाहरुको संख्या कक्षा ३ मा १.३३% देखियो भने सबभन्दा कम कक्षा २ मा केबल ०.४४% मात्र देखियो । त्यस्तै कक्षा १, ४ र ५ मा समान संख्यामा अर्थात ०.८८% विद्यार्थीहरु अध्ययनरत रहेको पाइयो । यसरी हेर्दा यस विद्यालयमा अपाङ्ग बालबालिकाहरुको संख्या अत्यन्तै कम भएको देखिन्छ ।

### ४.२.३ विद्यालयमा भौतिक सुविधा व्यवस्थापनको अवस्था

यस उपशीर्षकमा विशेष शिक्षा लागु भएका विद्यालयहरुको स्थलगत सर्वेक्षण गरी ति विद्यालयहरुको भौतिक अवस्था सम्बन्धि प्राप्त तथ्याङ्कको विश्लेषण गरिएको छ । भौतिक व्यवस्थापन सम्बन्धि विवरणलाई परिशिष्ट ८ मा देखाइएको छ ।

स्थलगत सर्वेक्षण अनुसार तीनवटै विद्यालयको वातावरणीय अवस्था शान्त र मनोरम रहेको पाइयो । जसको कारण विद्यालयहरु प्रदुषण र होहल्लारहित वातावरणमा सञ्चालन भैरहेको स्थिति पाइयो ।

तीनवटै विद्यालयका भवनहरु पक्की र अर्धपक्की अवस्थामा भएको पाइयो भने कक्षाकोठाको आकार सामान्यतया ५०/६० विद्यार्थी अटाउन सक्ने क्षमताका रहेको पाइयो ।

खानेपानी, खेलमैदान, कम्पाउन्ड र शौचालयको व्यवस्था सन्तोषजनक रहेको पाइएको छ । तर एउटा विद्यालय बाहेक २ वटा विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था हुन नसकेको पाइयो ।

तीनवटै विद्यालयमा पुस्तकालयको व्यवस्थालाई हेर्दा एउटा विद्यालय बाहेक २ वटा विद्यालयमा राम्रो व्यवस्था हुन नसकेको पाइयो । त्यस्तै प्रयोगशालाको व्यवस्थापन तीनवटै विद्यालयमा उपयुक्तढंगले हुन नसकेको पाइयो ।

तीनवटै विद्यालयमा डेक्सबेन्चको संख्या विद्यार्थी संख्या अनुसार पर्याप्त देखिन्छ तर तल्ला कक्षाहरुका विद्यार्थीहरुको उमेर अनुसार डेक्सबेन्चको सुविधामा फरक देखियो । शिक्षण सामग्री व्यवस्थापनमा तीनवटै विद्यालयको अवस्था मोटामोटी रुपमा मिल्दो जुल्दो अवस्थाको देखियो । शिक्षण सामग्रीहरुको व्यवस्थापन हेर्दा अपाङ्ग बालबालिकाहरुको आवश्यकता अनुसार पर्याप्त शिक्षण सामग्रीहरुको व्यवस्थापन हुन नसकेको पाइयो ।

भौतिक सुविधाको व्यवस्थापन र शिक्षण सामग्रीको व्यवस्थापनमा नेपाल सरकार र गैरसरकारी संस्थाहरुको भूमिका रहेको पाइयो ।

### ४.२.४ शिक्षण विधिको प्रयोग

अपाङ्गता भएका बालबालिकाहरुलाई विभिन्न प्रकारका सीप तथा व्यवहार र अन्य क्रियाकलापहरु गराउन/सिकाउन कुनकुन शिक्षण विधि उपयुक्त हुन्छन् भन्ने सवालमा ६ जना शिक्षकहरुसंग छलफल गर्दा निम्न तालिकामा देखाइए अनुसार शिक्षण विधिहरुको प्रयोग गर्ने गरिएको पाइयो ।

तलिका ४.१ शिक्षण विधिको प्रयोग

| सि.नं. | शिक्षण विधि | प्रयोग | | |
|---|---|---|---|---|
| | | बारम्बार | धेरैजसो | कहिलेकाँही |
| १. | व्याख्यान विधि | - | २ | ४ |
| २. | प्रदर्शन विधि | ६ | - | - |
| ३. | अभिनय विधि | २ | ४ | - |
| ४. | प्रयोगशाला विधि | १ | ३ | २ |
| ५. | खेल विधि | ४ | २ | - |
| ६. | समस्या समाधान विधि | - | १ | ५ |
| ७. | अध्ययन भ्रमण विधि | - | - | ६ |
| ८. | छलफल विधि | ४ | १ | १ |

माथि उल्लेखित तालिकाको विश्लेषण गर्दा सबैभन्दा बढी प्रदर्शन विधि, खेल विधि, छलफल विधिको प्रयोग गर्ने गरिएको पाइयो । त्यसैगरी अभिनय विधि र प्रयोगशाला विधिको प्रयोग धेरैजसोले गर्ने गरिएको पाइयो भने व्याख्यान विधि, समस्या समाधान विधि र अध्ययन भ्रमण विधि सबैभन्दा कम प्रयोग गर्ने गरिएको पाइयो ।

### ४.२.५ अपाङ्ग बालबालिकाका उपलब्धी

विद्यालय सर्वेक्षण फारामबाट प्राप्त तथ्याङ्कलाई केलाउदा बालबालिकाहरुले हासिल गरेका उपलब्धिहरु यस प्रकार पाइएको छ ।

तालिका ४.२ अपाङ्ग बालबालिकाका उपलब्धी

| नारायणी उच्च मा.वि. | | चितवन मा.वि. | | झुवानी प्रा.वि. | |
|---|---|---|---|---|---|
| १. | प्रा.वि.भन्दा माथिल्ला तहमा पढिरहेका विद्यार्थी १२ जना | १. | प्रा.वि.भन्दा माथिल्ला तहमा पढिरहेको विद्यार्थी ९जना | १. | प्रा.वि.भन्दा माथिल्ला तहमा पढिरहेको विद्यार्थी छैन |
| २. | एस.एल.सी. उत्तीर्ण विद्यार्थी संख्या हालसम्म १४जना | २. | एस.एल.सी. उत्तीर्ण विद्यार्थी संख्या हालसम्म ३जना | २. | एस.एल.सी. उत्तीर्ण विद्यार्थी संख्या हालसम्म छैन |
| ३. | शिक्षण पेशामा आवद्ध २ जना | ३. | शिक्षण पेशामा आवद्ध १ जना | ३. | शिक्षण पेशामा आवद्ध २ जना |
| ४. | अन्य पेशामा आवद्ध १८ जना | ४. | अन्य पेशामा आवद्ध ११ जना | ४. | अन्य पेशामा आवद्ध ७ जना |

माथि उल्लेखित तालिकाको विश्लेषण गर्दा तीनवटै विद्यालयबाट प्रा.वि. भन्दा माथिल्ला कक्षाहरुमा पढिरहेका विद्यार्थीहरुको संख्या जम्मा १९ जना देखिन्छ भने एस.एल.सी. उत्तीर्ण हुने विद्यार्थीको संख्या जम्मा १५ जना देखिन्छ । त्यस्तै ति मध्ये शिक्षण पेशामा आवद्ध ५जना देखिन्छन् भने अन्य पेशामा आवद्ध १इ जना देखिन्छन् ।

उल्लेखित तथ्याङ्कबाट के देखिन्छ भने अपाङ्गताको अवस्थामा रहेका शतप्रतिशत बालबालिकाहरुलाई निर्धारित उमेरमानै विद्यालयमा भर्ना हुन सक्ने वातावरणको सिर्जना नभएको देखिन्छ । त्यस पछि मात्र माथिलो तहमा अध्ययन गर्ने तथा समाजमा विकसित विविध पेशाहरुमा उनीहरुको संलग्नता बढाउन सकिन्छ । जसले गर्दा उनीहरु आत्मनिर्भर नागरिकको रुपमा स्थापीत हुन सक्दछन् ।

## ४.३ विषेश शिक्षामा अपाङ्ग व्यक्तिहरुको सहभागिता र सक्रियता बढाउने उपायहरु

तोकिएको उदेश्य पुरा गर्नका लागि अभिभावक शिक्षक, प्र.अ. जिल्ला शिक्षा कार्यलयका विशेष शिक्षा सर्म्पक व्यक्तिको लागि तयार गरिएको परिशिष्ट क्रमश २, ३, ४, ५ अनुसार प्राप्त प्रक्रियाहरुलाई निम्न अनुसार विश्लषण गरिएको छ ।

नारायणि मा.वि. का प्र.अ. को प्रतिकृया अनुसार अपाङ्गता भएका वालवालिकाहरुको सकृयता वढाउन उनिहरुको आवश्यकता अनुसारका शैक्षिक समाग्री तथा उपयुक्त विद्यालय वातावरण वनाउन पर्ने धारणा व्यक्त गर्नुभयो । भने अन्य विद्यालयका प्र.अ. को पनि प्रक्रिया सोही अनुसार पाइयो ।

चितवन मा.वि. नारायणि मा.वि. तथा झुवानी प्रा.वि. संग सम्वन्धित अभिवावकहरुको प्रतिक्रृया अनुसार अपाङ्गता भएका वालवालिकाहरुको सहभागिता वढाउन अभिभावकले यी वालवालिकाहरु प्रति हेर्ने दृिष्टीकाणमा परिवर्तन ल्याउन पर्ने, अपाङ्गता भएका आफ्ना वालवालिकाहरु यो देशका अशल नागरिकको रुपमा स्थापित गर्नका लागि हामिले दया माया मात्र होइनी अवसरको खोजिका लागि घर परिवार समाजले उपयुक्त वातावरणका लागि सधै प्रयत्न गर्नु पर्ने हुन्छ साथै पूर्वजन्मको फल र पापको उपमा दिने पूरातन वन्धी सोचलाई परिवर्तन गर्न विद्यालयमा निरन्तरता वारेमा अभिभावक हामी आफै पनि सकृयता वढाउन पर्ने धारणा प्रतिकृया रहेको पाइयो । सम्वन्धित तीन वटै विद्यालयका शिक्षकहरुले उनिहरुको सकृयता वढाउन शिक्षक अभिभावकको निरन्तर अन्तरकृया छलफल भैरहनु पर्ने विशेष शिक्षा सम्वन्धि तालिम, गोष्ठी, निरन्तर मूल्याङ्कन अनुगमन वढाउन पर्ने विद्यालयमा अपाङ्गता भएका वालवालिकाहरुको सख्यामा कमि रहेको पाइएपनि घरपरिवार समाज सरेकारवालाहरुले उनिहरुको हौसला वढाउन पर्ने प्रतिकृया दिइएको पाइयो ।

यसैगरि जिल्ला शिक्षा कार्यालयका विशेष शिक्षा सम्पर्क व्यक्तिको अपाङ्गता भएका वालवालिकाहरुको सकृयता वढाउन भौगोलिक विकटतालाई मध्यनगर गर्दै विशेष क्षिक्षा पहुच नपुगेका स्थान सम्म सर्वसुलभ रुपले शिक्षा सिकाई शैक्षिक सामाग्री भौतिक पूर्वाधार प्रयप्त नभएको वर्तमान परिवेसमा समय अनुकुल सुविधा वृद्दि गर्दे जादा सदस्यतामा वृद्दि हुने कुराको प्रतिकृया दिएको पाइयो ।

समग्रमा अपाङ्गता भएका वालवालिकाहरुको शैक्षिक उपलब्धि सकृयता वढाउनका लागि उपायहरुको खोजि गर्ने सन्दर्भमा प्र.अ. शिक्षक अभिभावक, सर्म्पक व्यक्ति विद्यार्थीहरुको फरक धारणा रहेको पाइयो ।

## परिच्छेद : पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१. प्राप्ति

चितवन जिल्लामा अपाङ्ग बालबालिका संलग्न विशेष शिक्षाको सञ्चालन भैसकेपछि यसको महत्व एवं प्रभाव समाजमा बढ्दो रुपमा पाइएको छ । विशेष शिक्षाले बालबालिकाहरुको शारीरिक, सामाजिक, मानसिक, संवेगात्मक तथा व्यावहारिक क्रियाकलापहरुको विकासमा सहयोग पुऱ्याएको देखिन्छ । त्यसको साथै यस शिक्षा पद्दतीले जनचेतना पनि प्रवाह गरेको छ जसको परिणामस्वरुप चितवन जिल्लामा मात्र होइन अन्य छिमेकी जिल्लाहरुमा समेत अपाङ्ग बालबालिकाहरु सम्बन्धमा रहेको परम्परागत धारणामा परिवर्तन आउन थालेको देखिन्छ । यस परिच्छेदमा अनुसन्धानबाट प्राप्त सार र निष्कर्ष सहित सुझावहरुलाई निम्न रुपमा प्रस्तुत गरिएको छ ।

**क) अपाङ्ग बालबालिकाहरुको पहिचानका आधारः**

- परिशिष्ट १ को (क) मा उल्लेखित आधारहरु मध्ये ३२ वटा आधारहरु तीनवटै विद्यलायले अपाङ्ग बालबालिकाहरुको पहिचानमा प्रयोग गर्ने गरिएको देखियो भने ७ वटा आधारहरुको प्रयोग नगरेको पाइयो । यो स्थितिलाई मध्यनजर गर्दा अपाङ्ग बालबालिकाहरु पहिचान गर्ने प्रमुख आधारहरु तीनवटै विद्यालयले प्राय प्रयोग गर्ने गरिएको देखियो ।

**ख)** **अभिभावकहरुको धारणा र प्रतिक्रियाः**

- अपाङ्गताको सम्बन्धमा स्पष्ट धारणा बन्न नसकेको देखिन्छ ।
- अपाङ्ग बालबालिकाहरुलाई विद्यालय पढाउन शिक्षकहरुले सल्लाह दिएको देखिन्छ ।
- अभिभावकहरु गृह भेटघाट, छलफल, बैठकमा सहभागी भएको देखिन्छ ।
- बालबालिकाहरु विद्यालय जान थालेपछि लेखपढ गर्ने, दैनिक क्रियाकलाप गर्ने र साथीहरुसंग हेलमेल गर्न सहयोग पुगेको देखिन्छ ।
- बालबालिकाहरुलाई आत्मनिर्भर बनाउने कार्यक्रम तथा सीपमुलक शिक्षाको अभाव देखिन्छ ।
- विशेष शिक्षाका जानकार व्यक्तिहरु सकारात्मक देखिएका र अझै धेरैलाई यसको बारेमा जानकारी हुन नसकेको देखिन्छ ।
- अपाङ्गता भएका बालबालिकाहरुलाई आत्मनिर्भर बनाउन घरपरिवार विद्यालयका साथसाथै मुख्यरुपमा सरकारले निर्वाह गर्नुपर्ने भूमिका कमजोर देखिन्छ ।

**ग)** **शिक्षकहरुको धारणा र प्रतिक्रियाः**

- अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षा प्रदान गर्ने कार्य चुनौतीपूर्ण भएतापनि उनीहरुको आवश्यकता अनुसारको शिक्षा दिन आवश्यक र सम्भव भएकोले यसप्रति मुख्यगरी घरपरिवार, विद्यालय, समाज र सरकार प्रतिबद्ध हुनुपर्ने देखिन्छ ।
- विद्यार्थीहरुका समस्याहरु र रुचीहरुमा विविधता हुनेहुँदा शिक्षण्न सिकाई प्रक्रियामा पनि कहिलेकाँही समस्या देखिन्छ ।
- विशेष शिक्षाले समाजमा स्थापित परम्परागत एवं नकारात्मक धारणालाई सकारात्मक धारणामा बदलेको र विद्यालयप्रति समाजको सकारात्मक

दृष्टिकोण बनाएकोले यसबाट बालबालिकाहरुको भाषा, संचार, शारीरिक सीप, बौद्धिक सीप र सामाजिक व्यवहारको विकास भएको पाइएको छ ।

- सम्बन्धित निकायबाट गरिनुपर्ने शैक्षिक मूल्याङ्कन तथा अनुगमन नियमित रुपमा नहुने गरेको देखिन्छ ।
- हाल अपाङ्ग बालबालिकाहरुको संख्या कम देखिएता पनि घरपरिवार, विद्यालय तथा समाजले उनीहरुलाई हौंसला र मानसिक सहयोग गरेमा विद्यालय सहभागितामा वृद्धि हुने सम्भावना देखिन्छ ।

**घ) प्रधानाध्यापकहरुको धारणा र प्रतिक्रियाः**

- विद्यालयले प्रशासनिक, व्यवस्थापकीय तथा शैक्षिक दृष्टिकोणले अपाङ्ग बालबालिकाहरुको सहभागिता बढाउन प्रयासरत भएतापनि ति प्रयासहरुले पूर्ण सफलता नपाएको देखिन्छ ।
- विद्यालयमा सहभागी सबै बालबालिकाहरु सिकाई कार्यमा सफल नभएको पाइएता पनि केही बालबालिकाहरु माथिल्लो तहमा अध्ययनरत रहेका र केही व्यवसायिक रुपमा आबद्ध भैसकेका देखिन्छन् ।

**ङ) जिल्ला शिक्षा शाखाका सम्पर्क व्यक्तिको धारणाः**

- विशेष शिक्षा यस जिल्लाका ५ वटा विद्यालयमा सञ्चालन भएको देखिए तापनि उल्लेखनीय मात्रामा विद्यार्थीहरु बढ्न नसकेको देखिन्छ ।
- साधन स्रोत र वैकल्पिक शिक्षकको अभावका कारण अपाङ्ग बालबालिकाहरुको आवश्यकता अनुसारको शिक्षक सामग्री, उपकरण तथा शिक्षण तालिमको व्यवस्था गर्न नसकिएको देखिएको छ ।
- विद्यालयले राखेका विवरणहरु तथा अभिलेखहरुको लेखाजोखा गरेर मात्र मूल्याङ्कन गर्ने गरेको देखिन्छ भने प्रत्यक्ष रुपमा विद्यालयको तथा कक्षाकोठाको मूल्याङ्कन गर्ने प्रक्रियाको अभाव देखिन्छ ।

**च) अपाङ्गता भएका बालबालिकाका धारणा र प्रतिक्रियाः**

- अपाङ्गता भएका बालबालिकाहरुको विद्यालय प्रवेश गर्ने उमेर बढी भएको देखिन्छ ।
- बालबालिकाहरुको घर र विद्यालयबीचको दूरी धेरै टाढासम्मको देखिन्छ ।
- बालबालिकाहरुको पढाइलेखाईमा घरपरिवारले उनीहरुलाई बोझको रुपमा लिने हुँदा ध्यान दिन नसकेको देखिन्छ ।
- समाज र साथीसंगीहरुले कमै वास्ता गरेको देखिन्छ ।
- शिक्षकले सिकाउन खोजेको सबैकुरा बालबालिकाहरुले सिक्न नसकेको देखिन्छ ।
- अधिकांश बालबालिकाहरुमा उच्च तहमा अध्ययन गर्ने रुची हुनाका साथै आफ्नो भावी जीवन सहज हुने कुराप्रति विश्वस्त रहेको देखिन्छ ।

**छ) मानव संशाधनको व्यवस्थापनः**

- अधिकांश शिक्षकहरु स्थायी सेवामा आबद्ध हुनुको साथसाथै साधारण शिक्षामा तालिम प्राप्त देखिन्छन् भने विशेष शिक्षामा तालिम प्राप्त शिक्षकको संख्या केवल १५.३८%, २०% र २८.५७% मात्र देखिन्छ ।
- विशेष शिक्षामा तालिम प्राप्त शिक्षकको संख्या बढाउन विशेष पहल गरेको देखिदैन ।
- २०% शिक्षकहरु आंशिक रुपमा मात्र तालिम प्राप्त छन् भने १०% शिक्षकहरु तालिम नपाएको अवस्थामा छन् ।

**ज) विद्यार्थी विवरणः**

- अन्य बालबालिकाहरुको तुलनामा अपाङ्ग बालबालिकाहरुको संख्या अत्यन्त कम भएको देखिन्छ ।
- सहभागी अपाङ्ग बालबालिकाहरु मध्ये छात्राको संख्या ४६% र छात्रको संख्या ५४% देखिन्छ ।

झ) **भौतिक व्यवस्थापन र शिक्षण सामग्रीः**

- विद्यालय, भवन, कक्षाकोठाहरुको संख्या, खानेपानी, शौचालय, खेलमैदानको व्यवस्था सन्तोषजनक देखिन्छ ।
- आधारभूतरुपमा शिक्षक सामग्रीहरु भएपनि पर्याप्त मात्रामा शिक्षण सामग्री र उपकरणहरुको व्यवस्था नभएको देखिन्छ ।

ञ) **शिक्षण विधिको प्रयोगः**

- शिक्षकहरुले अपाङ्ग बालबालिकाहरुको आवश्यकता अनुसार व्याख्यान, प्रदर्शन, अभिनय, प्रयोगशाला, खेल, समस्या समाधान, अध्ययन भ्रमण तथा छलफल विधिको प्रयोग गर्ने गरेको देखिन्छ ।
- अपाङ्गता भएका बालबालिकाको विकासमा सघाउने अभिनय, प्रयोगशाला तथा समस्या समाधान विधिमा कम जोड दिने गरेको देखिन्छ ।

ट) **बालबालिकाहरुले हाँसिल गरेको उपलब्धीः**

- प्रा.वि.तहमा भर्ना भएका थोरै बालबालिकाहरु मात्र माथिल्लो तहमा पढिरहेको स्थिति देखिएको छ ।
- थोरै संख्यामा मात्र अपाङ्ग बालबालिकाहरु प्रा.वि. भन्दा माथिल्लो तहमा अध्ययन गर्ने हुँदा एस.एल.सी. पास हुनेको संख्या पनि कम देखिन्छ ।
- शिक्षण पेशामा भन्दा अन्य पेशामा आबद्ध भएको देखिन्छ ।

## ५.२. निष्कर्ष

कुनैपनि शैक्षिक संस्थाको सर्वपक्षीय विकास त्यहाँ काम गर्ने शिक्षकहरुको पेशागत दक्षतामा निर्भर हुन्छ । यसरी शिक्षक पेशागत रुपमा दक्ष बन्न योग्यता, अनुभव, तालिम प्राप्त हुनुको साथसाथै सेवाप्रति इमान्दार र प्रतिवद्ध पनि हुनुपर्दछ । यसै सिलसिलामा विद्यालय सर्वेक्षण फारामको माध्यमद्वारा नमूना विद्यालयको मानव संशाधनको अवस्थाका बारेमा संकलित तथ्याङ्कहरुको विश्लेषण गर्दा नारायणी उच्च

मा.वि. को प्रा.वि. तहमा जम्मा शिक्षक संख्या १३ जना मध्ये ९ जना महिला र ४ जना पुरुष शिक्षक कार्यरत रहेको पाइयो । ति मध्ये १० जना शिक्षक साधारण शिक्षामा तालिम प्राप्त र २ जना शिक्षक आंशिक रुपमा तालिम प्राप्त छन् भने विशेष शिक्षामा तालिम प्राप्त शिक्षक २ जना मात्र छन् । यस अवस्थालाई हेर्दा विशेष शिक्षामा तालिम प्राप्त शिक्षकको संख्या कम देखिन्छ । त्यसैगरी चितवन मा.वि. को प्रा.वि. तहमा जम्मा शिक्षक संख्या १० जना मध्ये ७ जना पुरुष र ३ जना महिला शिक्षक कार्यरत रहेको पाइयो । ति मध्ये ५ जना शिक्षक साधारण शिक्षामा तालिम प्राप्त, ३ जना शिक्षक आंशिक रुपमा तालिम प्राप्त र २ जना शिक्षक विशेष शिक्षामा तालिम प्राप्त छन् । यस अवस्थालाई हेर्दा केबल २०% शिक्षक मात्र विशेष शिक्षामा तालिम प्राप्त रहेकाछन् ।

त्यसैगरी झुवानी प्रा.वि. को प्रा.वि. तहमा जम्मा शिक्षक ७ जना मध्ये ६ जना पुरुष र १ जना महिला शिक्षक कार्यरत रहेको पाइयो । ति मध्ये ५ जना शिक्षक साधारण शिक्षामा तालिम प्राप्त, १ जना आंशिक रुपमा तालिम प्राप्त र १ जना विशेष शिक्षामा तालिम प्राप्त छन् । यस अवस्थालाई हेर्दा ४२.८५% शिक्षक मात्र विशेष शिक्षामा तालिम प्राप्त रहेकाछन् ।

अध्ययनबाट प्राप्त प्राप्तिलाई केलाउदा तिनवटै विद्यालयले विद्यार्थी भर्नाको लागि अवलम्बन गर्नु पर्ने धेरै आधारहरु प्रयोगमा ल्याउने गरेको पाइएको छ । त्यसैगरी विशेष शिक्षा कार्यक्रम प्रति प्रधानाध्यापक, शिक्षक र अभिभावकहरुको धारणा र प्रतिक्रिया रचनात्मक देखिएको छ । साथै सबै वर्गले कार्यक्रममा समय सापेक्ष परिवर्तन गर्नु पर्ने कुरामा जोड दिएका छन् । विद्यालय व्यवस्थापनमा शिक्षकले उचित तालिमका अवसरहरु नपाएको, भौतिक सुविधा र शैक्षिक सामग्रिहरुको उपलब्धता न्यून रहेको पाइएको छ । यसरी समग्र रुपमा हेर्दा तिनवटै विद्यालयमा विशेष शिक्षा कार्यक्रम अपेक्षा मुताविक उपलब्धीहरु हासिल गर्न सक्ने अवस्थामा भएको पाइएन ।

यी कठिनाईहरु भएता पनि विशेष शिक्षा प्रतिको झुकावमा भने कमी नभएको पाइयो ।

बालबालिका संलग्न विशेष शिक्षा सञ्चालन गरिरहेका विद्यालयहरुको अवस्था केलाउदा विशेष शिक्षकहरुलाई तालिम दिनु पर्ने, अभिभावकहरुलाई तथा समुदायलाई अपाङ्ग बालबालिकाहरुको शिक्षा प्रति सकारात्मक बनाउन विभिन्न समयमा सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्ने, विद्यार्थीका आवश्यकता अनुसारको पठनपाठन र कक्षा व्यवस्थापनमाथि जोड दिनु पर्ने जस्ता सुझावहरु दिइएको छ ।

स्थलगत सर्वेक्षण अनुसार तीनवटै विद्यालयको वातावरणीय अवस्था शान्त र मनोरम रहेको पाइयो । जसको कारण विद्यालयहरु प्रदुषण र होहल्लारहित वातावरणमा सञ्चालन भैरहेको स्थिति पाइयो । खानेपानी, खेलमैदान, कम्पाउन्ड र शौचालयको व्यवस्था सन्तोषजनक रहेको पाइएको छ । तर एउटा विद्यालय बाहेक २ वटा विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्था हुन नसकेको पाइयो । तीनवटै विद्यालयमा पुस्तकालयको व्यवस्थालाई हेर्दा एउटा विद्यालय बाहेक २ वटा विद्यालयमा राम्रो व्यवस्था हुन नसकेको पाइयो । त्यस्तै प्रयोगशालाको व्यवस्थापन तीनवटै विद्यालयमा उपयुक्तढंगले हुन नसकेको पाइयो । शिक्षण सामग्रीहरुको व्यवस्थापन हेर्दा अपाङ्ग बालबालिकाहरुको आवश्यकता अनुसार पर्याप्त शिक्षण सामग्रीहरुको व्यवस्थापन हुन नसकेको पाइयो । भौतिक सुविधाको व्यवस्थापन र शिक्षण सामग्रीको व्यवस्थापनमा नेपाल सरकार र गैरसरकारी संस्थाहरुको भूमिका रहेको पाइयो ।

अपाङ्गता भएका बालबालिकाहरुलाई विभिन्न प्रकारका सीप तथा व्यवहार र अन्य क्रियाकलापहरु गराउन/सिकाउन कुनकुन शिक्षण विधी उपयुक्त हुन्छन् भन्ने सवालमा शिक्षकहरुसंग छलफल गर्दा सबैभन्दा बढी प्रदर्शन विधि, खेल विधि, छलफल विधिको प्रयोग गर्ने गरिएको पाइयो । त्यसैगरी अभिनय विधि र प्रयोगशाला विधिको प्रयोग

धेरैजसोले गर्ने गरिएको पाइयो भने व्याख्यान विधि, समस्या समाधान विधि र अध्ययन भ्रमण विधि सबैभन्दा कम प्रयोग गर्ने गरिएको पाइयो ।

उल्लेखित तथ्याङ्कबाट के देखिन्छ भने अपाङ्गताको अवस्थामा रहेका शतप्रतिशत बालबालिकाहरुलाई निर्धारित उमेरमानै विद्यालयमा भर्ना हुन सक्ने वातावरणको सिर्जना नभएको देखिन्छ । त्यस पछि मात्र माथिलो तहमा अध्ययन गर्ने तथा समाजमा विकसित विविध पेशाहरुमा उनीहरुको संलग्नता बढाउन सकिन्छ । जसले गर्दा उनीहरु आत्मनिर्भर नागरिकको रुपमा स्थापीत हुन सक्दछन् ।

## ५.३. सुझाबहरु

अपाङ्गता भएका बालबालिकाहरुको मुल कठिनाईमा उनीहरुलाई सामाजिक मर्यादा पाउन र रोजगारी पाउन कठिन परेको देखिन्छ । उनीहरुको शारीरिक, मानसिक र संवेगात्मक विकास कमजोर हुने हुँदा अन्य बालबालिकाहरुको दाँजोमा ज्ञान हाँसिल गर्न समस्या पर्दछ । यसर्थ अपाङ्ग बालबालिकाहरुलाई यथासम्भव आत्मनिर्भर बनाउन र समाजमा पुनर्स्थापित गराउन विशेष शिक्षा कार्यक्रमलाई अझ बढी प्रभावकारी बनाउनको लागि निम्न सुझाबहरु प्रस्तुत गरिएको छ ।

**क) अपाङ्गता भएका बालबालिकाहरुको पहिचानको लागि :**

- अपाङ्गता भएका बालबालिकाहरुको पहिचान गर्न शिक्षा विभाग तथा विशेष शाखाले विकास गरेको मापदण्डलाई पूर्णरुपमा अवलम्बन गर्नुपर्दछ ।
- जिल्लाभित्र अपाङ्ग बालबालिकाको पहिचान गर्ने समितिको गठन गर्नुपर्दछ ।
- विद्यालयको आफ्नो सेवा क्षेत्र (Catchment Area) भित्र अपाङ्ग बालबालिकाहरुको सर्वेक्षण गर्नका लागि विद्यमान लेखाजोखा समितिलाई सक्रिय बनाउनु पर्दछ ।

**ख)  अभिभावकहरुको धारणा र प्रतिक्रियाको लागि :**

